# नागरिक तथा राजनीतिक अधिकार

## विषयगत पुस्तिका




राष्ट्रिय मानव अधिकार आयोग
हरिहरभवन, ललितपुर

सबैका लागि मर्यादा, समानता र न्याय

# नागरिक तथा राजनीतिक अधिकार

विषयगत पुस्तिका

प्रकाशक

**राष्ट्रिय मानव अधिकार आयोग**

हरिहरभवन, ललितपुर

२०६९

| | | |
|---|---|---|
| **लेखन** | : | जीवन न्यौपाने |
| **संयोजन** | : | वेदप्रसाद भट्टराई |
| | : | सूर्य बहादुर देउजा |
| **सम्पादन** | : | वेदप्रसाद भट्टराई |
| | : | दुर्गा खड्का |
| | : | सूर्य बहादुर देउजा |
| | : | सम्झना शर्मा |
| | : | जीवन न्यौपाने |
| **शुद्धाशुद्धी** | : | कैलाशकुमार सिवाकोटी |
| **प्रकाशन मिति** | : | जेठ, २०६९ |
| **संस्करण** | : | प्रथम |
| **प्रति** | : | २००० |
| **प्रकाशन नं.** | : | ९० - १४० - २०६९ |
| **सर्वाधिकार** | : | राष्ट्रिय मानव अधिकार आयोग, नेपाल । |
| **प्रकाशन सहयोगी** | : | राष्ट्रिय मानव अधिकार आयोग, क्षमता सवलीकरण परियोजना |
| **मुद्रण** | : | युनाइटेड ग्राफिक प्रिन्टर्स, फोनः ४००९५७० |

---

वौद्धिक तथा शैक्षिक प्रयोजनार्थ श्रोत खुलाई यस पुस्तिका एवम् यसका अंशहरू साभार गरी प्रयोगमा ल्याउन सकिनेछ । यसबाहेक आयोगको पूर्व स्वीकृतीबिना यस पुस्तिकलाई व्यापारिक वा अन्य प्रयोजनको लागि पुनः उत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न वा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन ।

# पुस्तिका सम्बन्धमा

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनको स्थितिलाई सुनिश्चित गर्ने सन्दर्भमा आफ्नो स्थापनाकालदेखि नै कार्य गर्दै आएको छ । मानव अधिकारका विविध विषय र सवालहरूलाई समष्टिगत रूपमा हेर्दा कतिपय विशिष्ट अधिकारहरूको उपभोगबाट वञ्चितीकरणमा परेका मानिसहरूको लागि मानव अधिकारको विषय गौण बन्न नजाओस् भन्ने उद्देश्यका साथै आयोग स्वयम्को आत्मसमीक्षा र भावी कार्ययोजनाहरूमा समेत परिमार्जन, परिष्करणको लागि यो विषयगत पुस्तिका प्रकाशन गर्ने जमर्को गरिएको छ । यसबाट यस क्षेत्रमा आयोगले गरेका काम कारबाहीहरूको सम्बन्धमा सरोकारवालाहरूलाई सङ्क्षिप्तमा जानकारी गराउने प्रयास गरिएको छ । सम्बन्धित सरोकारवालाहरू सबैको सुझावबाट यसलाई भविष्यमा थप परिस्कृत र परिमार्जन गर्न सहयोग पुग्नेछ ।

यस पुस्तिकामा नेपालमा नागरिक तथा राजनीतिक अधिकारको सङ्क्षिप्त परिचय, अवस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता, यस सम्बन्धमा आयोगले निर्वाह गरेको भूमिका तथा गतिविधिहरू, अनुसन्धान, अनुगमन र सम्वर्द्धनात्मक कार्यहरूलाई समावेश गरिएको छ । यसका साथै आयोगमा अनुसन्धानको क्रममा रहेका उजुरीहरूको अवस्था, आयोगले प्रदान गर्ने सेवाहरू, आयोगका हालसम्मका प्रकाशनहरू एवम् विभिन्न निकायहरूसँग आयोगले गरेका सहकार्य समेतलाई उजागर गर्ने प्रयत्न गरिएको छ ।

अन्त्यमा, यो परिचयात्मक पुस्तिका तयारीका क्रममा विशेष सहयोग गर्ने मानव अधिकार अधिकृत जीवन न्यौपाने, घनश्याम भण्डारी, तथ्याङ्क उपलब्ध गराई सहयोग गर्नुहुने मानव अधिकार सहायक तारादेवी वाग्ले, खिमानन्द बस्याल, मन्दिरा श्रेष्ठ लगायत प्रत्यक्ष र परोक्ष रूपमा सहयोग पुऱ्याउने आयोगका केन्द्रीय, क्षेत्रीय र उपक्षेत्रीय कार्यालयका सम्पूर्ण कर्मचारीहरू विशेष धन्यवादका पात्र छन् । आशा छ, यस विषयमा चासो राख्नुहुने सबै महानुभावहरूको लागि यो प्रकाशन एक उपयोगी सामग्री हुनेछ ।

**राष्ट्रिय मानव अधिकार आयोग**

# विषय–सूची


| | | पेज नं. |
|---|---|---|
| १. | परिचय | १ |
| १.१ | पृष्ठभूमी | १ |
| १.२ | नागरिक तथा राजनीतिक अधिकार इकाई स्थापना | २ |
| २. | नेपालमा नागरिक तथा राजनीतिक अधिकारको अवस्था | ५ |
| २.१. | २०५२ देखि आयोग स्थापनासम्म | ७ |
| २.२. | २०५७ देखि २०६२ सम्म | ७ |
| २.३. | २०६२ देखि २०६८ सम्म | १० |
| २.४. | बिस्तृत शान्तिसम्झौताका पाँच वर्ष | ११ |
| २.५. | भूमिगत सशस्त्र समूह | ११ |
| २.६. | सङ्क्रमणकालीन न्याय | १२ |
| २.७. | दण्डहीनता | १२ |
| २.८. | मानव अधिकार उल्लङ्घन | १४ |
| २.९. | पीडितको पीडा | १५ |
| २.१०. | कारागार र बन्दीको अधिकार | १५ |
| ३. | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता | १६ |
| ३.१ | राष्ट्रिय कानुनहरू | १६ |
| ३.२ | अन्तर्राष्ट्रिय मानव अधिकार कानुनहरू | १७ |
| | ३.२.१ अन्तर्राष्ट्रिय मानव अधिकार दस्तावेजहरू | १७ |
| | ३.२.२ नागरिक तथा राजनीतिक अधिकार विषयक महासन्धि | १७ |
| | ३.२.३ विशेष संयन्त्र (Special Procedures) | १९ |
| | ३.२.४ विश्वव्यापी आवधिक समीक्षा (UPR) | १९ |
| ३.३ | अन्तर्राष्ट्रिय मानवीय कानुन | २२ |
| ३.४ | अन्तर्राष्ट्रिय सन्धिहरू र नेपालको दायित्व | २२ |
| ४. | आयोगको भूमिका | २३ |

५. आयोगका गतिविधिहरू २६

५.१. अनुगमन २६

५.२. अनुसन्धान २ड

५.३. सम्वर्द्धनात्मक गतिविधिहरू २९

५.४. विधिविषय परामर्श ३५

५.५. उजुरीहरूको अवस्था ३७

५.६. सिफारिसको अवस्था ३८

५.७. आयोगले प्रदान गर्ने सेवाहरू ३ड

५.८. आयोगका प्रकाशनहरू ३९

६. आयोगको सहकार्य ४२

६.१ नेपाल सरकारसँगको सहकार्य ४३

६.२ नागरिक समाजसँगको सहकार्य ४४

६.३ सञ्चार जगतसँगको सहकार्य ४५

६.४ अन्तर्राष्ट्रिय जगतसँगको सहकार्य ४६

७. आयोगका कार्यालयहरू ४७

# नागरिक तथा राजनीतिक अधिकार

## १. परिचय

### १.१. पृष्ठभूमि

वि.सं. २०५७ सालमा आयोग स्थापना हुँदा २०५२ सालबाट तत्कालीन नेकपा (माओवादी) ले मुलुकमा सशस्त्र युद्ध गरेको लगभग ५ वर्ष भएको थियो । यसबीचमा सरकार र विद्रोही पक्षबाट नागरिक तथा राजनीतिक अधिकारहरूको व्यापक उल्लङ्घन भइरहेको थियो । सुरक्षाकर्मीहरूले व्यक्तिहरूलाई गैरकानुनी रूपमा पक्राउ गरी थुनामा राख्ने, यातना दिने, पक्राउ पश्चात् हत्या गरी दोहोरो भिडन्तमा मारिएको भनी प्रचार गर्ने जस्ता कार्यहरूमा वृद्धि हुन गई मानव अधिकारको गम्भीर उल्लंघन निरन्तर रुपमा भइरहेको थियो । विद्रोही पक्षले कब्जामा लिएका सुरक्षाकर्मी तथा सर्वसाधारण नागरिकहरू, युद्धमा सहभागी नभएका व्यक्तिहरू समेतलाई विभिन्न आरोपमा हत्या गर्ने घटनाहरूमा वृद्धि भैरहेको परिप्रेक्षमा मानव अधिकार संरक्षण, सम्वर्द्धन र पालनाका लागि पेरिस सिद्धान्त अनुसार एक स्वतन्त्र र स्वायत्त राष्ट्रिय मानव अधिकार संस्थाको स्थापना गर्नको लागि सरकारलाई चौतर्फी दबाब सिर्जना भएकोले सशसत्र द्वन्द्वकालमा राष्ट्रिय मानव अधिकार आयोगको स्थापना भएको हो । राष्ट्रिय मानव अधिकार आयोग २०५७ जेठ १३ गते स्थापना भएपश्चात् आयोगले नागरिक तथा राजनीतिक अधिकारको संरक्षण, सम्वर्द्धन र पालनाका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

प्रस्तुत पुस्तिकामा आयोगले नागरिक तथा राजनीतिक अधिकारका संरक्षण, सम्वर्द्धन र पालनाका लागि इकाइ स्थापना, नेपालमा नागरिक तथा राजनीतिक अधिकारको अवस्था, यस्ता अधिकार संरक्षण, सम्वर्द्धन र पालनाका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी प्रावधानहरूलाई समावेश गरिएको छ । आयोगमा हालसम्म सम्बन्धित विषयमा रहेका उजुरीहरू र उजुरीहरू उपर आयोगले गरेका कामकारबाही एवम् सिफारिसहरू, आयोगका गतिविधिहरू,

नागरिक समाज लगायत सरोकारवाला निकायहरूसँगको सहकार्य लगायतका विषयहरूलाई उजागर गर्ने प्रयत्न गरिएको छ । प्रस्तुत पुस्तिका मार्फत यस क्षेत्रमा कार्यरत सम्पूर्ण सङ्घसंस्थाहरू, मानव अधिकारकर्मी एवम् सरोकारवालाहरूलाई सहयोग पुग्ने विश्वास गरिएको छ ।

## १.२. नागरिक तथा राजनीतिक अधिकार इकाइ स्थापना

तत्कालीन परिवेशमा आयोगले नागरिक तथा राजनीतिक अधिकारहरूको संरक्षणका लागि अधिकांश श्रोतसाधन, जनशक्ति सशस्त्र द्वन्द्वतर्फ ध्यान केन्द्रित गरी २०५७ सालमा संरक्षण महाशाखाको स्थापना गरेको हो । यस महाशाखा अन्तर्गत राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालयको विषयगत संरचना अनुरूप कार्यसम्पादन गर्न सहज हुने गरी जातीय विभेद विरुद्धको अधिकार, महिला मानव अधिकार, यातना विरुद्धको अधिकार, बाँच्न पाउने अधिकार लगायत नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार र वेपत्ता विरुद्धको अधिकार संरक्षणार्थ संयुक्त राष्ट्रसङ्घमा कायम रहेका २९ संयुक्त राष्ट्रसङ्घीय विषयगत विशेष प्रतिवेदकहरूको सङ्ख्याको आधारमा आयोगको २९ वटा नै विषयगत इकाइहरू स्थापना गरिएको थियो । २०६७ सालमा आएर संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार सम्बन्धी प्रमुख नौ महासन्धिहरूलाई आधार मानी आयोगको अनुसन्धान र सम्वर्द्धन महाशाखामा छुट्टाछुट्टै इकाइहरू स्थापना भई कार्य थालनी भएको थियो ।

आयोगले नेपालको अन्तरिम संविधान, २०६३ अनुसार संवैधानिक हैसियत प्राप्त गरेपश्चात् गठन भएको आयोगले तेस्रो रणनीतिक कार्ययोजना (२०६४-६५ /२०६७-६८) तर्जुमा गर्दै आयोगको साङ्गठानिक पुनर्संरचना गर्ने क्रममा मानव अधिकारसम्बन्धी नौ मूल महासन्धिहरूलाई केन्द्रित गर्दै पहिलेका इकाइहरूलाई पुनर्गठन गर्ने र नयाँ इकाइहरू स्थापना गर्ने कार्य सम्पन्न गरिएको छ । यसै अनुरुप स्थापना भएको नागरिक तथा राजनीतिक अधिकार इकाइले कार्य सम्पादन गर्दै आइरहेको छ ।

यस इकाइ स्थापनाको प्रमुख उद्देश्य नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध १९६६ र यसका स्वेच्छिक आलेखहरूले प्रत्याभूत गरेका मानव अधिकारहरूको परिपालना, सम्मान, संरक्षण र सम्वर्द्धन गर्नु हो । यस

इकाइले आयोगका रणनीतिक योजनाहरूले निर्धारण गरेका नागरिक तथा राजनीतिक अधिकार सम्बन्धमा राखेको लक्ष्य प्राप्ति गर्ने उद्देश्यबाट कार्य गर्दछ । मानव अधिकार आयोग ऐनले मानव अधिकार संरक्षण, सम्मान र परिपालनाका निम्ति गहन जिम्मेवारी प्रदान गरेको छ । नेपाल नागरिक तथा राजनीतिक अधिकार विषयक अन्तर्राष्ट्रिय अभिसन्धि, १९६६ को पक्षराष्ट्र भएको उक्त अभिसन्धिमा भएका सम्पूर्ण नागरिक तथा राजनीतिक अधिकारहरूको कार्यान्वयन गर्ने गराउने दायित्व नेपाल सरकारको हुने हुँदा कार्यान्वयन संयन्त्रमध्ये आयोग प्रमुख संयन्त्रको रूपमा रहेको छ । निम्न लिखित प्रमुख उद्देश्यहरू सहित यस इकाइको स्थापना भएको होः

- नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको नेपाल पक्ष राष्ट्र भएकोले उक्त अभिसन्धिमा रहेका नागरिक तथा राजनीतिक अधिकारहरूको संरक्षण, सम्मान र परीपालन गर्ने दायित्व निर्वाहको अनुगमन गर्न,
- सशस्त्र द्वन्द्वकालीन अवस्थामा वा सामान्य अवस्थामा सुरक्षाकर्मीहरूद्वारा गैरकानुनी रूपमा पक्राउ गरी हिरासतमा लिने र यातना दिने कार्यको निर्मूलन र रोकथाम सम्बन्धमा आवश्यक कार्य गर्न,
- गैरकानुनी रूपमा थुनामा राखिएका व्यक्तिहरूलाई सम्बन्धित अदालतले हिरासतमुक्त गर्ने आदेश दिए पश्चात् पनि पुनःपक्राउ गर्ने घटनाहरूको निर्मूलन र रोकथाम गर्न,
- सङ्कटकालको घोषणा भएको अवस्थामा संविधानमा व्यवस्था भएको मौलिक हकहरूमा समेत अनुचित बन्देज लगाउने एवम् विभिन्न राजनीतिक कर्मीहरूलाई निवारक नजरवन्दमा राखिने कार्य विगतमा भएको हुँदा सो कुराहरूको रोकथामको निम्ति प्रभावकारी अनुगमन गर्न,
- नागरिकहरूलाई स्वतन्त्रपूर्वक आवतजावत गर्ने अधिकारहरूलाई सुनिश्चित गर्न,
- अभिव्यक्ति स्वतन्त्रताको उल्लङ्घन र नियन्त्रणलाई रोकथाम गर्न,
- बलात् श्रममा लगाउन नपाउने भन्ने ILO अभिसन्धिमा रहेको प्रावधान विपरीतका कार्य द्वन्द्वरत पक्षबाट गर्न नदिने एवम् यस्ता कार्यहरू रोकथाम र नियन्त्रण गर्न,

- राज्य तथा गैरराज्य पक्षद्वारा स्वेच्छाचारी रूपमा जीवनहरणका घटनाहरू नहोस् भन्नका खातिर संरक्षणात्मक कार्यहरू गर्न,
- यातना, क्रूर, अमानवीय, अपमानजनक व्यवहार सम्बन्धी घटनाहरूको रोकथाम र नियन्त्रण गर्न,
- शान्तिपूर्वक भेला हुने अधिकारलाई सुनिश्चित गर्न,
- महिला तथा बाल अधिकार उल्लङ्घनका घटनाहरूलाई रोकथाम र नियन्त्रण गर्न र
- सशस्त्र द्वन्द्वको अवस्थामा द्वन्द्वरत पक्षहरूद्वारा अन्तर्राष्ट्रिय मानवीय कानुन (जेनेभा महासन्धि) को साझा धारा ३ को कार्यान्वयनको अनुगमन गर्न ।

**नागरिक तथा राजनीतिक अधिकार इकाइले निम्न कार्यहरू गर्दछ**:

- नागरिक तथा राजनीतिक अधिकार उल्लङ्घनका उजुरीहरू ग्रहण गर्ने,
- उजुरीहरूउपर अनुगमन तथा अनुसन्धान गरी आयोग समक्ष प्रतिवेदन पेश गर्ने,
- आयोगसमक्ष पेश भएको प्रतिवेदनउपर छलफल गरी निर्णय प्रक्रियामा सहभागी हुने,
- आयोगबाट भएको निर्णय कार्यान्वयनका लागि सम्बन्धित पक्षसँग समन्वय, सहकार्य गर्ने,
- नेपाल सरकार अन्तर्गतका विभिन्न निकायहरू, कारागार, थुनुवाकेन्द्र लगायतका स्थानहरूको अवलोकन, निरीक्षण, भ्रमण गरी मानव अधिकारको संरक्षणको लागि ती संस्थाहरूको कामकारबाही, भौतिक सुविधा सम्बन्धमा सुझाव तथा सिफारिस गर्ने,
- नागरिक तथा राजनीतिक अधिकार सम्बन्धित विषयमा विभिन्न प्रतिवेदनहरू प्रकाशन गर्ने,
- विभिन्न सरोकारवाला निकाय, अधिकारीहरूसँग समन्वय, सहकार्य र परामर्श गर्ने र
- नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुन अनुसार नागरिकहरूको हकअधिकार संरक्षण, सम्वर्द्धन र परिपालनाका निम्ति अन्तर इकाइ समन्वय गर्ने ।

## २. नेपालमा नागरिक तथा राजनीतिक अधिकारको अवस्था

नेपालमा नागरिक तथा राजनीतिक अधिकारको अवस्थाको बारेमा चर्चा गर्नुपूर्व विशेषत नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध १९६६ र यसका दुई वटा स्वेच्छिक आलेखहरूले प्रदान गरेका अधिकारहरूको बारेमा प्रष्ट हुन आवश्यक हुन्छ । अनुबन्ध तथा आलेखहरूमा आत्म निर्णयको अधिकार, समानता, शान्तिसुरक्षा, न्याय प्राप्त गर्ने, अभियोग प्रमाणित नभएसम्म निर्दोष मानिने, निःशुल्क कानुनी सेवा प्राप्त गर्ने, स्वेच्छाचारी पक्राउ एवम् गैरकानुनी थुना, निःशुल्क दोभाषे प्राप्त गर्ने अधिकारको व्यवस्था छ । त्यसैगरी जीवनको अधिकार, बन्दीका अधिकार, स्वतन्त्रताको अधिकारलाई सुनिश्चित गरेको छ । त्यस्तै अनुबन्धहरूमा शान्तिपूर्ण रूपमा भेला हुन पाउने अधिकार, मतदान गर्ने तथा निर्वाचित हुने अधिकार, सार्वजनिक सेवामा प्रवेश पाउने अधिकार, विभेद विरुद्धको अधिकार, अल्पसङ्ख्यकहरूको संस्कृति एवम् भाषा उपयोग गर्न पाउने अधिकार, गोपनीयताको अधिकार, यातनाविरुद्धको अधिकार, दासत्व विरुद्ध लगायतका अधिकारहरूको पनि उल्लेख भएको छ । स्वेच्छिक आलेखहरूमध्ये पहिलो आलेखले नागरिक तथा राजनीतिक अधिकारको उल्लङ्घनमा राज्यका निकायहरूबाट उपचार प्राप्त गर्न नसकेको अवस्थामा व्यक्तिगत रूपमा यस अनुबन्ध अन्तर्गतको समितिमा व्यक्तिले पनि उजुर गर्न पाउने अधिकार प्रदान गरेको छ भने दोस्रो आलेखले मृत्युदण्ड विरुद्धको अधिकार प्रदान गरेको छ ।

नेपाल नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी दोस्रो ऐच्छिक आलेखको पक्ष भइसकेको अवस्थामा मृत्युदण्ड सम्बन्धी कुनै कानुन बनाउन नपाइने प्रावधान अनुरूप तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ तथा नेपालको अन्तरिम संविधान २०६३ ले पनि जीवनको अधिकारको प्रत्याभूत गरेको छ । व्यक्तिका मौलिक अधिकारहरूको उल्लङ्घन भएमा न्यायालयबाट उपचार प्राप्त गर्ने संवैधानिक उपचारको हक सम्बन्धी व्यवस्था गरिएको छ । त्यसैगरी नेपाली कानुनहरूमा फौजदारी न्यायविरुद्धको हकलाई सुरक्षित गरिएको छ । यसका अतिरिक्त नागरिक तथा राजनीतिक अधिकारको संरक्षणको लागि नेपालका सुरक्षा निकायहरूमा मानव अधिकार इकाइहरूको गठन गर्ने लगायतका प्रयासहरू गरिएको पाइन्छ ।

२०५२ साल माघ २१ गते तत्कालीन संयुक्त जनमोर्चा नेपालले राष्ट्रियता, जनतन्त्र, जनजीविका लगायतका विषयवस्तुहरूमा ४० सूत्रीय माग राखी

तत्कालीन सरकारसमक्ष ज्ञापनपत्र बुझाएको थियो । उक्त मागहरूका सम्बन्धमा सरकारद्वारा प्रभावकारी सुनुवाइ नभएको भन्दै संयुक्त जनमोर्चा नेपालले नेकपा (माओवादी) को नामबाट सशस्त्र भूमिगत जनयुद्धको घोषणा गरेपछि नेपालमा औपचारीक रूपमा सशस्त्र द्वन्द्वको सुरुवात भएको थियो । सशस्त्र द्वन्द्व सुरु भए लगत्तै सरकार र माओवादी पक्षबाट नागरिक तथा राजनीतिक अधिकार लगायतका मानव अधिकारको उल्लङ्घन तथा ज्यादतिका घटनाहरूमा वृद्धि हुँदै गएको अवस्था थियो ।

रामेछापको दोरम्बा घटना, चितवनको हरिकिर्तन चोकमा प्रहरीले माओवादीको आरोपमा अनावश्यक गोली चलाउँदा निःशस्त्र व्यक्तिको हत्या, विभिन्न व्यक्तिहरूलाई माओवादीको आरोपमा प्रहरीले पक्राउ गरी गैरकानुनी रूपमा हिरासतमा राख्नु, गैरकानुनी रूपमा हिरासतमा रहेका व्यक्तिहरूलाई अदालतको आदेश विपरीत अदालत परिसरबाटै पुनः गिरप्तार गर्नु, पक्राउ परेका व्यक्तिहरूलाई गोली हानी हत्या गरी दोहोरो भिडन्तमा मारिएको भनी समाचार सम्प्रेषण हुने गरेको भनी तथ्यहरू प्रकाशमा आएका थिए । यस्तै तराईका जिल्लाहरूमा अपराध नियन्त्रण र शान्तिसुरक्षा गर्ने बहानामा गैरन्यायिक हत्याका घटनाहरूले राज्यपक्षबाट नागरिक तथा राजनीतिक अधिकारहरूको उल्लङ्घन भएको तथ्य राष्ट्रिय मानव अधिकार आयोगको विभिन्न अनुसन्धान, प्रतिवेदन तथा विभिन्न मानव अधिकार क्षेत्रमा कार्यरत सङ्घ संस्थाहरूको प्रतिवेदनमा समेत उल्लेख भएको पाइन्छ ।

द्वन्द्वकालमा नेकपा(माओवादी) पक्षबाट विभिन्न व्यक्तिहरूलाई सुराकी, जनसत्ता विरोधी र सामन्ती समेतको आरोप लगाई अपहरण गरी चरम यातना दिने, हत्या गर्ने, निःशस्त्र सुरक्षाकर्मीहरूलाई नियन्त्रणमा लिई अमानवीय व्यवहार, चरम् यातना दिई हत्या गर्ने घटनाहरूमा वृद्धि हुँदै गएको पाइन्छ । नेकपा (माओवादी) बाट सार्वजनिक यातायातमा सुरक्षाकर्मी सवार भएको निउँमा ३७ जना व्यक्तिहरूको ज्यान जाने गरी घटाइएको चितवनको बाँदरमुढे घटना, ९ जना व्यक्तिहरूको ज्यान जाने गरी घटाइएका काभ्रेपलान्चोक जिल्लाको नार्के घटना, सर्वसाधारण चढ्ने सवारी साधनलाई एम्बुसमा पारी ६ जना सैनिकहरूको ज्यान गएको र २३ जना व्यक्तिहरू घाइते भएको पाँचथरको नागी घटनाले मानव अधिकार तथा मानवीय कानुनको चरम उल्लङ्घन भएको घटनाहरूको केही उदहारणमात्र हुन ।

नेपालमा नागरिक तथा राजनीतिक अधिकारको कालखण्डको हिसाबले निम्न तीन खण्डमा विभाजन गरी विश्लेषण गर्न सकिन्छ :

## २.१. २०५२ देखि आयोग स्थापनासम्म

यस अवधीमा मुलुकको शान्तिसुरक्षाको जिम्मेवारी नेपाल प्रहरीलाई रहेको थियो । २०५२ सालबाट तत्कालीन जनमोर्चाले औपचारीक रूपमा नेकपा( माओवादी) को नामबाट भूमिगत सशस्त्र युद्धको सुरु गरी विभिन्न प्रहरी चौकीहरूमा लुटपाट आगजनी, हातहतियारहरू लुट्ने कार्यहरू हुन पुगे । गाविस, स्वास्थ्य चौकीहरू जस्ता संस्थाहरूमा आगजनी, लगायत विभिन्न प्रशासनिक भवनहरू, पुलसमेतमा क्षति पुऱ्याउने कार्य भए । माओवादीको आरोपमा प्रहरीले विभिन्न व्यक्तिहरूलाई गैरकानुनी रूपमा पक्राउ गरी हत्या गर्ने, पक्राउ पश्चात् चरम् यातना दिने, हत्या गरी लासलाई सम्बन्धित परिवारलाई नबुझाउने, माओवादीको आरोपमा विभिन्न सर्वसाधारण व्यक्तिहरूलाई दुःख दिने लगायतका कार्यहरू सुरक्षा निकाय र प्रशासनबाट भए । मुलुकमा द्वन्द्वरत पक्षहरूबाट मानव अधिकारका घटनाहरू वृद्धि हुँदै गएको अवस्थामा २०५७ साल जेठ १३ गते राष्ट्रिय मानव अधिकार आयोगको स्थापना भयो ।

## २.२. २०५७ देखि २०६२ सम्म

नेपालमा सशस्त्र द्वन्द्वसुरु भएको करिब ६ वर्षपश्चात् २०५८ मा विद्रोही पक्ष र सरकारबीच वार्ताको प्रयास भएको थियो । उक्त वार्ताका लागि वातावरण सहज बनाउन विद्रोही पक्षले माओवादीको आरोपमा प्रहरी हिरासतमा राखिएका दण्डपाणी न्यौपाने लगायतका व्यक्तिहरूको स्थिति सार्वजनिक गर्नुपर्ने, हिरासतमा राखिएका माओवादी नेताहरूको रिहाई गरिनुपर्ने, तत्काल निर्माण भएका केही सुरक्षा ऐनहरू खारेज हुनुपर्ने, परिचालित तत्कालीन शाही नेपाली सेनालाई व्यारेकमा फिर्ता गर्नुपर्ने, नयाँ संविधान निर्माणका लागि जनतालाई अधिकार दिइनुपर्ने, गणतान्त्रिक शासनपद्दति लागू हुनुपर्ने, अन्तरिम सरकारको गठन गर्नुपर्ने जस्ता राजनीतिक मागहरूको अतिरिक्त जनजिविकासँग सम्बन्धित २३ सूत्रीय मागहरू सरकार समक्ष राखेको थियो ।

सरकारले माओवादी आन्दोलनलाई निस्कृय बनाउन आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ लागू गऱ्यो । यस ऐनले निष्पक्ष सुनुवाइको अधिकारका विभिन्न पक्षहरूमा बन्देज लाग्यो ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिले निष्पक्ष सुनुवाईको अधिकार संरक्षित गरेको, तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ समेतले उक्त अधिकारलाई संरक्षित गरेको परिप्रेक्षमा उल्लिखित ऐन अन्तर्राष्ट्रिय अभिसन्धि र संविधान विपरीत थियो । प्रत्येक व्यक्तिको हकमा निष्पक्ष, स्वतन्त्र र शीघ्र न्यायिक पुर्पक्ष गरिनु सुनुवाइको अधिकार हो । हिरासत वा थुनामा रहेका व्यक्तिहरूले आफ्ना नातेदार, कानुनी सल्लाहकार, स्वास्थ्य उपचार अविलम्ब न्यायिक निकायसमक्ष उपस्थित हुन पाउने, गैरकानुनी थुनाविरुद्ध उजुरी गर्न पाउने, सोधपुछका क्रममा आफ्नो विरुद्ध साक्षी बस्न कर नलाग्ने व्यक्तिका अधिकार हुन् ।

यातना दिन नपाइने, कानुनका अगाडि समान व्यवहार गरिनुपर्ने, दोष प्रमाणित नहुन्जेलसम्म निर्दोष व्यक्तिसरह व्यवहार गर्नुपर्ने, सक्षम, स्वतन्त्र र निष्पक्ष अदालतबाट सुनुवाईको स्वतन्त्रता, पहिले गरेको अपराधलाई पछि कानुन बनाई दोषी मुकरर गरी सजाय गर्न नपाइने, एक अभियोगमा पटक पटक सजाय गर्न नपाइने, अन्तिम तहसम्म पुनरावेदन गर्न पाउने जस्ता अधिकारहरू थुनुवा वा बन्दीहरूको अधिकारहरूमा उक्त ऐनले नकारात्मक बन्देज लगायो । यस ऐन लागू भएपश्चात् सुरक्षाफौजको कारबाहीमा अधिकांश नागरिक तथा राजनैतिक अधिकारहरूको उल्लङ्घन भएको पाइन्छ । यसै अवधीमा सुरक्षाफौज र माओवादी पक्षबाट व्यापक रूपमा युद्धसम्बन्धी नियमहरूको उल्लङ्घन हुन गयो । ठूलो सङ्ख्यामा मानिसहरू हताहत भए । व्यक्तिहरू बेपत्ता पारिएका तथा हत्या गरिएका परिवारका महिला, बालबालिका तथा वृद्धवृद्धाहरूको बिचल्ली हुन पुग्यो ।

आयोगको स्थापना हुँदा तत्कालीन नेकपा (माओवादी) र सरकारबीचको सशस्त्र युद्धको कारण नागरिकहरूलाई स्वेच्छाचारी रूपमा गिरफ्तार गर्ने, बलपूर्वक बेपत्ता बनाउने, यातना दिने, व्यक्तिको जीवन नै हरण गर्ने, आवतजावत गर्न नपाउने अवस्था थियो । अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानुनले मान्यता नदिएका स्थानहरूमा व्यक्तिहरूलाई अमानवीय रूपमा थुनामा राखिएका थिए । सरकारले माओवादी नियन्त्रण गर्ने नाउँमा ल्याएको आतङ्कारी तथा विध्वंशात्मक कार्य (नियन्त्रण र सजाय) ऐन २०५८ को कारण थुप्रै निर्दोष व्यक्तिहरूको नागरिक र राजनीतिक अधिकारहरू कुण्ठित हुन पुगेका थिए । यस ऐनको आधारमा व्यक्तिहरूको निष्पक्ष सुनुवाइको अधिकारहरू बन्देजमा परेका थिए ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्धले निश्चित गरेका निष्पक्ष, स्वतन्त्र र शीघ्र न्यायिक पुर्पक्षको अधिकार, हिरासत, थुना वा कैदमा रहँदाको अवस्थामा पनि भेटघाट गर्न पाउने अधिकार, कानुनी सल्लाह लिन पाउने अधिकार, संवैधानिक वा कानुनी उपचार प्राप्त गर्न पाउने अधिकार, कानुनका अगाडि समान व्यवहार पाउने लगायतका अधिकारहरू व्यापक रूपमा उल्लङ्घनहुन पुगे । आतङ्ककारी विरुद्ध कानुनको नाउँमा अन्तर्राष्ट्रिय मानव अधिकार तथा मानवीय कानुनको समेत व्यापक रूपमा हनन् भयो । नागरिकहरूलाई आफ्नो थाकथलोबाट विस्थापित गराउने कार्य व्यापक रूपमा भयो । विष्फोटनबाट कैयौं व्यक्तिहरूका जीवन समाप्त हुन पुग्यो । आतङ्कारी तथा विध्वंशात्मक कार्य (नियन्त्रण र सजाय) ऐन २०५८ लागू भएपश्चात् सशस्त्र द्वन्द्वको समयमा तत्कालीन सरकारले केही माओवादी नेताहरूको तस्वीर सार्वजनिक गरी जिउँदै वा मृत अवस्थामा बुझाउनेलाई आकर्षक पुरस्कार दिने गरी २०५८ वैशाख १० गते सार्वजनिक सूचना प्रकाशित गऱ्यो । यस अवधीमा प्रचलित संविधान प्रदत्त केही मौलिक हकहरूमाथि प्रतिबन्ध लगाइनुका साथै स्वतन्त्रताको हक, निवारक नजरवन्द विरुद्धको हक, सूचना तथा सम्पत्तिको हक, गोपनियताको हक, संवैधानिक उपचारको हकको निर्वाध उपभोगमा समेत अनुचित अङ्कुश लगाइयो ।

यसैगरी नागरिक अधिकार ऐन २०१२ ले प्रदान गरेका कानुनको दृष्टिमा समानता, धर्म, जात, जाति वा लिङ्गको आधारमा भेदभाव, धर्मसम्बन्धी हक, नागरिकको बासस्थानको रक्षा, वैयक्तिक स्वतन्त्रता, इच्छा विरुद्ध काम गराउन मनाही, गिरफ्तारीका सम्बन्धमा बचाउ, ऐन विरुद्ध थुनामा परेमा गर्ने उपाय, ऐन प्रदत्त अधिकारहरू दावी गर्ने अन्य उपायहरू जस्ता नागरिक अधिकार सम्बद्ध अधिकारहरूमा आघात पुग्न गयो । उक्त ऐन प्रारम्भ हुनुभन्दा पहिलेका प्रहरी ऐन, २०१२, स्थानीय प्रशासन ऐन, २०२८ राज्यविरुद्धको अपराध र सजाय ऐन, २०४६ सार्वजनिक सुरक्षा ऐन, २०४६, सशस्त्र प्रहरी बलको गठन र सञ्चालन सम्बन्धी व्यवस्थागर्न बनेको ऐन, २०५७ मुलुकी ऐन, २०२० लगायत नागरिक कानुनहरू मृत अवस्थामा पुऱ्याइएका थिए । यस अवधीमा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध, १९६६ यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि, १९८४ अन्तर्राष्ट्रिय मानवीय कानुन, गैर अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्वका पीडितहरूको संरक्षण सम्बन्धी सन् १९७७ को अतिरिक्त सन्धिपत्र समेतका प्रावधानहरूको उल्लङ्घन भएको थियो ।

## २.३. २०६२ देखि २०६८ सम्म

२०६१ माघ १९ मातत्कालीन राजा ज्ञानेन्द्रले देशको कार्यकारी अधिकार हातमा लिएपश्चात् विभिन्न नागरिक समाज, गैरसरकारी संस्थाहरू, बुद्धिजीवी, पेशाकर्मी र सर्वसाधारण समेत शाही कदमको विरुद्ध २०६२/६३ मा १९ दिनसम्म आन्दोलनमा होमिएका थिए । आन्दोलनका समयमा उपत्यका लगायत मुलुकका विभिन्न भागहरूमा सुरक्षाकर्मीहरूले अत्यधिक बलप्रयोग, शान्तिपूर्ण सभासम्मेलनमा सुरक्षाकर्मीहरूको हस्तक्षेप, प्रचलित कानुन विपरीत गोली प्रहार गरेको, पत्रपत्रिका तथा छापाखानाबाट प्रशारण र प्रकाशन हुने सूचनाहरूमा अनुचित हस्तक्षेप गरी सूचनाको हकको उल्लङ्घनजस्ता कार्यबाट संवैधानिक एवम् कानुनी अधिकारको व्यापक हनन् हुन पुगेको थियो । आन्दोलनकारीहरूलाई गैरकानुनी थुनामा राखिनु, मानव अधिकार कर्मीहरूलाई समेत स्थानहद तोकिएको, राजनेताहरूलाई नजरबन्दमा राखिएको, मानव अधिकार कर्मीहरूलाई अनुगमन कार्यमा बाधा अवरोध खडा गरिएको अवस्था थियो । आन्दोलनको समयमा सरकारद्वारा कर्फ्यू लगाइएकोले सर्वसाधारणहरूको निर्वाध रूपमा आवागमन गर्न पाउने अधिकारको उल्लङ्घन भएको, कर्फ्यूका कारण जनमानसमा त्रास पैदा हुन जानुको साथै दैनिक उपभोग्य वस्तुहरूको अभावसमेत हुन पुगेको थियो ।

जनआन्दोलनको क्रममा १९ जना व्यक्तिहरूको ज्यान गयो भने कम्तिमा पनि ३,००० व्यक्तिहरू घाइते भए । घाइते भएका कयौँ व्यक्तिहरू हालसम्म पनि अपाङ्ग भई उपेक्षित जीवन बिताइरहेका छन् । घाइते तथा अपाङ्गता भएका व्यक्तिहरूलाई राज्यद्वारा उचित हेरविचार नगरेको भनी समाचार प्रकाशमा आइरहे । आन्दोलनले सफल रूप लिएपछि तत्कालीन नेकपा (माओवादी) र राजनीतिक दलहरूबीच २०६३ मङ्सिर ५ गते बिस्तृत शान्तिसम्झौता भयो । जसमा मानव अधिकार सम्बन्धी अनुगमन गर्ने जिम्मेवारी मानव अधिकार आयोगलाई समेत दिइने भनी उल्लेख गरियो । यस अवधीमा कतिपय मानव अधिकार रक्षकहरूले समेत ज्यान गुमाउन पुगे । सन् २००७ देखि २०११सम्मको तथ्याङ्कमा ७३९ जना मानव अधिकार रक्षकविरुद्ध ४१३ घटना भएको पाइन्छ । त्यसमध्ये २९२ जना पत्रकारहरू पीडित भएको अवस्था देखिन्छ ।

## २.४. बिस्तृत शान्तिसम्झौताका पाँच वर्ष

शान्तिसम्झौता २०६३ मा नागरिक तथा राजनीतिक अधिकारको सम्मान गर्ने सवालमा सत्यनिरुपण तथा मेलमिलाप आयोगको गठन गर्ने, वैयक्तिक मर्यादा, स्वतन्त्रता र आवतजावतको अधिकारको सम्मान गर्ने, गोपनीयताको अधिकारको सम्मान गर्ने, स्वतन्तापूर्वक आवतजावत गर्न पाउने अधिकारको सम्मान गर्ने, विचार, अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्वक भेला हुने स्वतन्त्रताको व्यवस्था छ। त्यसैगरी शोषण विरुद्धको हकको संरक्षण गर्ने, वाक तथा प्रकाशन स्वतन्त्रता, शान्तिपूर्वक भेला हुन पाउने अधिकार, पेशाा व्यवसाय गर्न पाउने स्वतन्त्रताको सम्मान गर्ने भनी उल्लेख गरिएको छ। त्यस्तै महिला तथा बालबालिकाको अधिकारको सम्मान गर्ने र सङ्क्रमणकालीन न्यायको सम्बोधन, दण्डहीनताको अन्त्य, बारुदी सुरुङको पहिचान गरी निश्क्रिय र निर्मुल गर्ने प्रतिबद्धता समेत सो शान्ति सम्झौतामा उल्लेख गरिएको छ।

बिस्तृत शान्ति सम्झौता पछि जीवनका अधिकारहरू उल्लङ्घनका घटनाहरूमा तुलनात्मक रूपमा कमी आएको देखिए पनि अन्य नागरिक तथा राजनीतिक अधिकार उल्लङ्घनका घटनाहरू नरोकिएको देखिन्छ। तराईका विभिन्न जिल्लाहरूमा भूमिगत सशस्त्र समूहमा आवद्ध व्यक्तिहरूलाई पक्राउपछि प्रहरीले हत्या गर्ने गरेको, उपत्यका लगायत मुलुकका केही स्थानहरूमा प्रदर्शनीका क्रममा प्रहरीले अत्यधिक बल प्रयोग गरेको र प्रहरी हिरासतमा राखिएका व्यक्तिहरूलाई चरम् यातना दिएको, कतिपय व्यक्तिको ज्यानसमेत गएको घटनाहरूले नागरिक तथा राजनीतिक अधिकारको निर्वाध उपभोग गर्न नपाएको र कानुनी शासनविपरीत कार्यहरू भैरहेको देखिन्छ।

## २.५. भूमिगत सशस्त्र समूहहरू गठन

राज्य र माओवादी पक्षबाट मारिएको भनी राष्ट्रिय मानव अधिकार आयोगमा बिस्तृत शान्ति सम्झौताको पहिलो वर्षमा २९५ वटा उजुरीहरू दर्ता भएको आयोगको अभिलेखबाट देखिन्छ। दोस्रो र तेस्रो वर्षमा क्रमश ७५ र ४० वटा उजुरीहरू दर्ता भएको देखिन्छ भने पछिल्ला वर्षहरूमा समेत मानव अधिकार उल्लङ्घनका घटनाहरू भैरहेको पाइन्छ। उल्लिखित तथ्याङ्कहरूमध्ये केही उजुरीहरू सशस्त्र द्वन्द्वकालसँग सम्बन्धित देखिए पनि कम्तिमा पनि १३३ वटा उजुरीहरू बिस्तृत शान्ति सम्झौता पछि बाँच्न पाउने अधिकारसँगै सम्बन्धित छन्। यस अवधीमा वैयक्तिक स्वतन्त्रता, मर्यादा तथा स्वतन्त्र आवागमन,

यातना वा अन्य क्रूर अमानवीय वा अपमानजनक व्यवहारजन्य घटनाहरूमा तुलनात्मक रूपमा कमी देखियो । शान्तिपूर्वक भेला हुने स्वतन्त्रतामाथि पनि अवरोधहरू भएको सूचना राष्ट्रिय मानव अधिकार आयोगलाई प्राप्त भएको थियो । यसै अवधिमा तराई लगायत पूर्वका केही जिल्लाहरूमा भूमिगत सशस्त्र समूहहरू गठन भए । उक्त समूहले सर्वसाधारण व्यक्तिहरूसँग चन्दा माग गरी जनजीवन आतङ्कित पारेको विभिन्न समाचार माध्यमहरूमा प्रकाशित समाचारहरू तथा आयोगको अनुगमनबाट पनि देखिएको छ, यसबाट पेशागत समूह, महिला, सर्वसाधारण नागरिक, बालबालिकाहरू प्रभावित बनेका छन् ।

## २.६. सङ्क्रमणकालीन न्याय

बिस्तृत शान्तिसम्झौतामा बेपत्ता छानविन आयोग र सत्यनिरुपण तथा मेलमिलाप आयोग गठन गर्ने भन्ने उल्लेख भएकोमा पाँच वर्षसम्म पनि ती आयोगहरू गठन हुन नसक्नु तथा २ वर्षभित्रमा नयाँ संविधान निर्माण गरी सक्नुपर्नेमा तोकिएको समयसम्म संविधान निर्माण हुन नसक्नाले गर्दा नागरिक तथा राजनीतिक अधिकारको सम्मानमा बाधा पुगिरहेको छ । २०६२ सालमा नेपालमा संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालय (OHCHR) को स्थापना गरी त्यस कार्यालयलाई आयोगसरह अधिकार प्रदान गरिएकोमा २०६६ सालबाट सम्वर्द्धनात्मक कार्य गर्ने गरी सीमित अधिकार प्रदान गरियो भने २०६८ सालबाट उक्त कार्यालयको म्याद थपिएन । मानव अधिकार उल्लङ्घनका घटनाहरूको प्रभावकारी अनुगमन र वकालत गरी उल्लङ्घन एवम् रोकथाममा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमै दबाब सिर्जना गर्ने अन्तर्राष्ट्रिय संस्थाको म्याद नथपिएकोले उक्त कार्यालयले गर्दै आएको कार्य गर्ने दायित्व समेत राष्ट्रिय मानव अधिकार आयोगलाई थपिएको छ । यसका लागि आयोगसँग रहेको जनशक्ति, श्रोतसाधन र पहुँच आयोगका लागि मुख्य चुनौतीका विषयका रूपमा देखिएका छन् ।

## २.७. दण्डहीनता

शान्तिसम्झौतामा उल्लेख भएका नागरिक तथा राजनीतिक अधिकारप्रति जनाइएको प्रतिवद्धता अनुरूप हालसम्म सत्यनिरुपण तथा मेलमिलाप आयोगको गठन हुन नसकेबाट दण्डहीनताले प्रश्रय पाएको छ । बिस्तृत शान्ति सम्झौताको अवधीमा पनि सरकार पक्षबाट १२७ जना र माओवादी पक्षबाट २८ जनाको मृत्यु भएको छ । १ जना धार्मिक सङ्घसंस्थामा आवद्ध र १ जना पत्रकारको

हत्या भएको छ । हिरासतमा रहेका व्यक्तिको प्रहरीको यातनाबाट मृत्यु भएको, कारागारमा रहेका व्यक्तिहरूमाथि आक्रमण भई मृत्यु भएको समेत घटनाले सुरक्षा व्यवस्था कमजोर रहेको निष्कर्ष निकाल्न सकिन्छ । विभिन्न पेशागत तथा राष्ट्रसेवकहरू माथि कुटपीट, कालो मसो दल्ने लगायतका कार्यहरू जिम्मेवार राजनीतिक व्यक्तिहरूबाट भएको समाचारहरू सार्वजनिक भए । यसबाट वैयक्तिक मर्यादाको पूर्णरूपमा सम्मान नभएको देखियो । यस बीचमा शान्तिपूर्ण रूपमा सभा सम्मेलन गर्न पाउने अधिकारको दुरुपयोग गरी प्रदर्शनकारीहरूले सरकारद्वारा निषेधित क्षेत्रमा प्रवेश गर्ने जस्ता कार्य भएको पनि पाइयो । त्यसैगरी नेकपा माओवादीले आयोजना गरेको पाँच दिने नेपाल बन्दका क्रममा विरुद्धमा उत्रिएका प्रतिकार समूहहरू र प्रदर्शनकारीबीच ठाउँठाउँमा दोहोरो झडप हुँदा केही व्यक्तिहरू घाइते भए ।

द्वन्द्वपीडित व्यक्तिहरूले सरकारका तर्फबाट केही रकम राहत पाए तापनि मानव अधिकारमा आरोपित व्यक्तिहरूलाई कानुन बमोजिम कारबाही हुन नसक्नु, अदालतबाट दोषी मुकरर गरी सकेका व्यक्तिहरूलाई पनि कारबाही नहुनु, आयोगले मानव अधिकार उल्लङ्घन गरेको भनी कारबाहीका लागि सिफारिस गरेका व्यक्तिहरूलाई कारबाहीको भागीदार नबनाउनु जस्ता पक्षहरू दुःखद पक्ष हुन् । यसले दण्डहीनताले प्रश्रय पाएको र कानुनी राज्यको उपहास हुन पुगेको अवस्था छ ।

मानव अधिकार समितिको ६१ औं बैठकमा आइटम १९ अन्तर्गत पारित भएको प्रस्तावमा सरकारलाई राष्ट्रिय मानव अधिकार आयोगको स्वतन्त्रता, संस्थागत निरन्तरता र स्थायित्वको सुनिश्चता गर्न र थुनुवा केन्द्रहरूमा पूर्वसूचनाबिना निर्बाध भ्रमण अवलोकन गर्न अनुमति दिन र आयोग तथा मातहतका कार्यालयहरूलाई आवश्यक सहयोग उपलव्ध गराउन सिफारिस गरेको थियो ।

नेपाल सरकारले यातना विरुद्धको समितिले उठाएका सरोकार उपर ध्यानाकर्षण गर्दै सन् २००७ मा दण्डहीनतालाई समाप्त पार्ने, दुर्व्यवहारका घटनाहरूको अभियोजन गर्ने, सक्षम अदालतबाट अन्तिम फैसला नभएसम्म यातनाका आरोप लागेका सरकारी अधिकारीहरूलाई निलम्वन गर्ने, अदालतको आदेशको पालना गराउने तथा भविष्यमा हुन पुगेमा सजाय दिने तथा पीडितलाई क्षतिपूर्तिसमेत भराई दिने प्रतिवद्धता व्यक्त गरेको थियो ।[१] यसैगरी सन्

[१] यातनाविरुद्धको समितीको निष्कर्ष तथा सिफारिसहरू प्रति नेपाल सरकारले गरेका टिप्पणीहरू, २०६४, जेठ १८, CAT/C/NPL/CO/2, para 10,12,16,21,23

२०१० नोभेम्बरमा नेपाललाई अर्को आवधिक प्रतिवेदन प्रकृयामा जानुअगाडि नेपाल सरकारलाई बुझाएका सवालहरूको सूचीमा यातना विरुद्धको समितिले नेपाल सरकारले प्रस्ताव गरेको मुद्दा फिर्ता लिन सक्ने कार्यबाट उत्पन्न हुन सक्ने चरम् दण्डहीनताका सम्बन्धमा विशेष चिन्ता व्यक्त गर्दै यस्तो अनुरोध गरेको थियो । *"मन्त्रीमण्डलमा रहेका ए.नेकपामाओवादीका केही वरिष्ठ सदस्य सहितको राजनीतिक प्रकृतीका ३४९ वटा मुद्दा फिर्ता गर्ने सरकारको सिफारिसपछि भविष्यमा त्यस्तो घटना दोहोरिन नदिन तथा संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तबाट सिफारिसमा व्यक्त गरेजस्तो गम्भीर उल्लङ्घन र अन्तर्राष्ट्रिय अपराधहरूका लागि जिम्मेवार व्यक्तिहरूले वास्तविक आम माफीबाट लाभान्वीत हुने अवसर नपाउन् भन्ने कुरा सुनिश्चित गर्न चालिएका कदमहरूबारे जानकारी दिनुहोस् ।*[२]

## २.८. मानव अधिकार उल्लङ्घन

उपत्यकाका केही क्याम्पसहरूमा विद्यार्थीहरूद्वारा आयोजित सभा सम्मेलनहरूमा भएको झडपमा प्रहरीले अत्यधिक बल प्रयोग, राजनीतिक दलका नेताहरूमाथि आक्रमण, विभिन्न बहानामा बन्द हड्ताल, चक्काजाम जस्ता कार्यहरूबाट नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि र प्रचलित संविधान तथा कानुनमा उल्लेख भएका विभिन्न अधिकारहरूको उल्लङ्घन भएको अवस्था रह्यो । अत्यावश्यक सेवा प्रदान गर्ने सङ्घ संस्थाहरूमा भएको बन्द हड्तालबाट सेवाग्रहीहरू सेवा लिनबाट वञ्चित भए । नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध, १९६६ ले उल्लेख गरेबमोजिम कानुनी र नीतिगत रूपमा देशमा विभेदको अवस्था नभएपनि व्यवहारतः विभेद कार्य रोकिएको छैन । महिला र पुरुषबीचमा, दलित र अन्य जातिहरू एवम् पारिश्रमिक लगायतका विषयमा अझैपनि विभेद जारी छ । कानुनी र संवैधानिक रूपमा सबै व्यक्ति समान भनिए पनि अधिकारको प्रचलन सबै व्यक्तिहरू बीचमा समान रूपमा हुन सकेको छैन । समानताको अधिकारलाई नेपालको सर्वोच्च अदालतले समानहरू बीचमा मात्र समान हुने भनी थुप्रै आदेशहरू गरेको छ । महिला र पुरुष बीचको समानता, न्यायालयमा समान व्यवहार पाउने अधिकार, कानुनको अगाडि समानताको अधिकार व्यवहारतः प्रभावकारी रूपमा लागू हुन सकेको छैन ।

[२] ऐ. अनुच्छेद ३२

मानव अधिकार संरक्षण सम्बन्धी सर्वोच्च अदालतका आदेशहरू र राष्ट्रिय मानव अधिकार आयोगका सिफारिसहरू कार्यान्वयन गरिएका छैनन् । गम्भीर फौजदारी अपराधहरूमा मुद्दा फिर्ता लिने र माफी दिने कार्य जारी छ । त्यस विपरीत पीडितहरूको पीडालाई सम्बोधन भएको छैन ।

## २.९. पीडितको पीडा

न्याय प्रदान गर्ने निकायहरू सम्मको पहुँच अझैपनि सहज हुन सकेको छैन । गरिबी र निमुखा व्यक्तिहरू निःशुल्क कानुनी सेवा र अर्थअभावकै कारण न्यायबाट विमुख भइरहेको अवस्था छ । मानव अधिकारको गम्भीर उल्लङ्घनबाट अधिकांश पीडितहरूले आजपनि न्याय प्राप्त गरेको अनुभूति गरेका छैनन् । कुनै पनि पीडकलाई मानव अधिकार उल्लङ्घन गरेकोमा कारबाही हुन सकेको छैन । यसको सट्टा नेपालका सबै राजनीतिक दलको नेतृत्वमा बनेका सरकारहरूले नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्र भइसकेपछि पनि प्रतिस्पर्धात्मक रूपमा गम्भीर प्रकृतिका फौज्दारी मुद्दाहरू फिर्ता लिने एवम् माफी दिने कार्य भइरहेका छन् । सक्षम अदालत र राष्ट्रिय मानव अधिकार आयोगले गरेका फैसला एवम् ठहरहरूलाई सरकारले सहजै अवज्ञा गर्ने कार्य जारी छ । यसबाट पीडितको न्याय प्राप्त गर्ने अधिकारको पनि सम्मान हुन नसकेको अवस्था छ ।

## २.१०. कारागारका बन्दीको अधिकार

राज्यले समयमा नै खाद्यान्न तथा औषधोपचारको व्यवस्था नगर्दा पनि व्यक्तिको जीवनको अधिकार हनन भइरहेको छ । समयमा नै पक्राउ पुर्जी नदिने, पक्राउपछि २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित नगराउने, क्षमताभन्दा पाँच गुणासम्म बढी बन्दीहरूलाई थुनामा राख्ने, न्यायिक जानकारी नगराइएको अवस्था अझै पनि छ । नेपाली भाषा नबुझ्ने वा कम बुझ्नेहरूको लागि दोभाषेको व्यवस्था हुन सकेको छैन । विशेषत कारागार भित्रको आन्तरिक प्रशासनबाट अधिकांश बन्दी तथा कैदीहरू पीडित हुनु, धेरै कारागारहरूमा कारागार प्रमुखको व्यवस्था नहुनु, बन्दी तथा कैदीको उपचारको लागि पर्याप्त मात्रामा स्वास्थ्य सेवाको व्यवस्था हुन नसक्नुले बन्दीका अधिकारहरूको पनि सम्मान हुन नसकेको अवस्था छ ।

# ३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता

## ३.१. राष्ट्रिय कानुनहरू

नेपालको अन्तरिम संविधान, २०६३ अन्तर्गत राज्यका निर्देशक सिद्धान्तहरूले अन्य जिम्मेवारीको अतिरिक्त सरकारको विश्वव्यापी रूपमा *स्वीकृत मानवअधिकार .....कानुनी शासन ....स्वतन्त्र न्यायपालिकाका अवधारणाहरूको पूर्णपरिपालना गर्ने राजनैतिक प्रणाली अवलम्बन गरी भ्रष्टाचार तथा दण्डहीनताको अन्त्य गर्दै सुशासन कायम गर्ने*दायित्व प्रदान गरेको छ। उल्लिखित नेपालको संविधानमा मौलिक हकहरूको व्यवस्था गरिएको पाइन्छ भने उक्त मौलिक हकहरूउपर अनुचित बन्देज लगाइएको अवस्थामा संवैधानिक उपचारको व्यवस्था गरिएको छ। अन्य कानुनी व्यवस्थाहरू न्यायिक प्रक्रिया, हक अधिकारहरूको बारेमा सम्बन्धित रहेका छन्।

नागरिक तथा राजनीतिक अधिकारका सम्बन्धमा, मुलुकी ऐन, २०२०, नागरिक अधिकार ऐन, २०१२ लगायतका विभिन्न ऐन नियमहरू बनेका छन्। विद्यमान राष्ट्रिय कानुनहरूमध्ये नागरिक तथा राजनीतिक अधिकारको उपभोगसँग सम्बन्धित प्रमुख कानुनहरूमा अध्यागमन ऐन, २०४९ कारागार ऐन, २०१९ केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८ नेपाल नागरिकता ऐन, २०२० नेपाल सन्धि ऐन, २०४७ पर्दछन्। न्यायप्रशासन ऐन, २०४८ प्रहरी ऐन, २०१२ विष्फोटक पदार्थ ऐन, २०१८ राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६ राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ राष्ट्रिय प्रशारण ऐन, २०४९ लागू औषध (नियन्त्रण ऐन), २०३३ लिखतहरूको गोप्यता सम्बन्धी ऐन, २०३९ संविधानसभा सदस्य निर्वाचन ऐन, २०६३ सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ पनि महत्त्वपूर्ण ऐनका रूपमा रहेका छन्। यसका अतिरिक्त सशस्त्र प्रहरी ऐन, २०४८ सार्वजनिक सुरक्षा ऐन, २०४६ सूचनाको हक सम्बन्धी ऐन, २०६४ सैनिक ऐन, २०१६ स्थानीय प्रशासन ऐन, २०२८ स्थानीय स्वायत्त शासन ऐन, २०५५ हातहतियार खरखजाना ऐन, २०१९ नागरिक तथा राजनीतिक अधिकारसँग सम्बन्धित राष्ट्रिय कानुनहरू हुन्।

## ३.२. अन्तर्राष्ट्रिय मानव अधिकार कानुनहरू

### ३.२.१. अन्तर्राष्ट्रिय मानव अधिकार दस्तावेजहरू

विभिन्न अन्तर्राष्ट्रिय मानव अधिकार सन्धिहरूको पक्षका रूपमा नेपाल सरकार आफना क्षेत्राधिकारभित्रका व्यक्तिहरूका सबै मानव अधिकारका सम्मान र सुनिश्चित गर्न बाध्य छ। नेपालका अन्तर्राष्ट्रिय प्रतिवद्धतालाई कार्यान्वयन गर्नका निमित्त नेपालको संविधान र राष्ट्रिय कानुनबाट व्यवस्था गरिएका अधिकारहरूको प्रत्याभूत गर्न सरकारको दायित्व हुने र त्यस्ता मानव अधिकारभित्र प्रभावकारी न्यायिक उपचारको अधिकारसमेत अन्तरनिहित हुन्छ भनी मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को अनुच्छेद ८ मा स्पष्ट रूपमा उल्लेख गरिएको छ। त्यसैगरी अन्य कुराको अतिरिक्त नेपालबाट अनुमोदित नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको ऐच्छिक अभिसन्धि, १९६६ यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार विरुद्धको महासन्धि, १९८४मृत्युदण्डको उन्मूलनसँग सम्बन्धित नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको दोस्रो ऐच्छिक अभिसन्धि, १९८९ हरूमा समेत व्यक्तिको नागरिक तथा राजनैतिक अधिकार सम्बन्धमा उल्लेख गरिएको छ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ३ ले प्रत्येक व्यक्तिलाई जीवन, स्वतन्त्रता र सुरक्षाको अधिकार छ भनी सुनिश्चित गरेको छ। नागरिक तथा राजनैतिक अधिकार विषयक अभिसन्धि १९६६ को धारा ६.१ मा प्रत्येक मानिसको बाँच्न पाउने नैसर्गिक अधिकार हुन्छ। यस अधिकारलाई कानुनद्वारा संरक्षण गरिने छ। कसैलाई पनि निजको बाँच्न पाउने अधिकारबाट स्वेच्छाचारी रूपमा वञ्चित गरिने छैन भन्ने उल्लेख गरिएको छ। यस प्रावधानमा स्वेच्छाचारी रूपमा भन्नाले विशिष्ट परिस्थिति जनाउने हुन्छ। यसले जीवनहरण गर्ने कुरा मनासिव र समानुपातिक छ कि छैन भन्ने कुरासँग निकट सम्बन्ध राख्दछ।

### ३.२.२. नागरिक तथा राजनीतिक अधिकार विषयक महासन्धि

जीवनको अधिकारका अतिरिक्त यस महासन्धिले आत्मनिर्णयको अधिकार, क्रूर, अमानवीय, अपमानजनक व्यवहार वा सजाय विरुद्धको अधिकार, दासत्व वा बलपूर्वकको श्रमविरुद्धको अधिकार, करारीय दायित्व पूरा नगरेकोमा

कैदमा नराखिने अधिकार, स्वतन्त्र रूपमा आवतजावत गर्न पाउने अधिकार, कानुनको अगाडि समान व्यवहारको अधिकार, कानुनको अगाडि व्यक्तिको रूपमा मान्यता पाउने अधिकार, विचार, सद्विवेक तथा धर्मको स्वतन्त्रताको अधिकार, गोपनीयताको अधिकार, बिना हस्तक्षेप विचार राख्न पाउने अधिकार, शान्तिपूर्वक भेला हुने अधिकार, आफ्नो हितको संरक्षणका लागि ट्रेड यूनियन खोल्न पाउने वा त्यसमा सम्मिलीत हुने अधिकार, विवाह र परिवार आरम्भ गर्ने अधिकार, बालबालिकाले बिनाभेदभाव आवश्यक संरक्षण पाउने अधिकारसमेत पक्षराष्ट्रका नागरिकहरूलाई प्रदान गरेको छ ।

उक्त अभिसन्धिको धारा ९ ले स्वतन्त्रता र सुरक्षाको अधिकार प्रदान गरेको छ । उक्त प्रावधान अनुसार कुनै पनि व्यक्तिलाई स्वेच्छाचारी पक्राउ गर्न र थुनामा राख्न नपाइने, कानुनबाट, निर्धारित प्रक्रियाबिना कसैको व्यक्तिगत स्वतन्त्रताको अपहरण गर्न नपाइने, पक्राउ गर्नुपर्ने र थुनामा राख्नुपर्ने कारण सहितको सूचना दिनुपर्ने, फौजदारी अभियोगमा पक्राउ गरिएको वा थुनामा रहेको व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा सक्षम अदालत समक्ष निश्चित समयभित्र उपस्थित गराई शीघ्र सुनुवाई गर्नुपर्ने, सम्बन्धित अदालतले गैरकानुनी थुनामा रहेको व्यक्तिलाई रिहाई गर्न आदेश दिन सक्ने र गैरकानुनी पक्राउ वा थुनाबाट पीडित भएको व्यक्तिलाई उचित क्षतिपूर्ति पाउने अधिकार प्रदान गरेको छ ।

नेपालले नागरिक तथा राजनीतिक अधिकार विषयक महासन्धि अन्तर्गत दोस्रो चरणको आवधिक प्रतिवेदन १३ जुन १९९७ मा बुझाउनु पर्नेमा हालसम्म पनि नबुभाएको देखिन्छ । नेपालको अन्तिम प्रतिवेदन ३० मार्च १९९४ मा बुभाई १९ अक्टोबर १९९४ मा छलफल भयो । मानव अधिकार परिषद्ले संविधान निर्माण प्रक्रियामा विभिन्न वर्ग समुदायहरूलाई समावेश गरी समयमै संविधान निर्माण गर्नुपर्ने, स्वतन्त्रता र समानताका सवालमा अन्तर्राष्ट्रिय प्रावधानहरूसँग मिल्ने गरी संविधानमा उल्लेख गर्नुपर्ने, अपराध संहिता निर्माण गर्नुपर्ने भनेको छ। यातनालाई अपराध घोषणा गर्नुपर्ने, विगतदेखि वर्तमानसम्मका मानव अधिकार उल्लङ्घनका घटनामा आरोपी व्यक्तिहरूलाई कानुन बमोजिम कारबाही चलाउनुपर्ने, गैरन्यायिक हत्या तथा बेपत्तामा सम्लग्न आरोपीहरूलाई कानुनी कठघरामा ल्याई कारबाही गर्नुपर्नेमा जोड दिएको छ । दण्डहीनताको अवस्थाको अत्य हुनुपर्ने, दण्डहीनता अन्त्यको लागि कानुनी व्यवस्थामा भएका कमी कमजोरीहरूलाई परिमार्जन

गर्ने, आयोगका सिफारिसहरू कार्यान्वयन गर्नुपर्ने, गैरन्यायिक हत्या लगायत कानुन विपरीतका पक्राउ, यातना रोकथामका लागि आवश्यक उपायहरू अवलम्बन गर्नुपर्ने, यातना तथा अमानवीय व्यवहारका घटनाहरूको निष्पक्ष अनुसन्धान गर्नुपर्ने कुरामा जोड दिएको छ । त्यस्तै अत्यधिक बलप्रयोग हुन नदिन आवश्यक उपायहरू अवलम्बन गर्नुपर्ने, शान्तिपूर्ण रूपमा सभासम्मेलन गर्न पाउने अधिकारको सुनिश्चितता हुनुपर्ने, रोमविधानलाई अनुमोदन गर्नुपर्ने, यातना विरुद्धको अन्तर्राष्ट्रिय महासन्धिको ऐच्छिक आलेखलाई अनुमोदन गर्नुपर्ने, नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालयको प्रतिवेदन अनुसार तराईमा भैरहेका गैरन्यायिक हत्याका घटनाहरूको निष्पक्ष अनुसन्धान हुनुपर्ने लगायतका सुझावहरू नेपाल सरकारलाई दिएको छ ।

### ३.२.३. विशेष संयन्त्र (Special Procedures)

मानव अधिकार परिषद् समक्ष २०६७जेठ ६ गते प्रेषित एक पत्रमा गैर न्यायिक हत्या सम्बन्धी विशेष प्रतिवेदकले देहायको टिप्पणी गरेका छन् :

*"हत्याका निश्चित प्रवृत्ति भएको र सरकारको प्रतिक्रिया (रोकथाम वा जवाफदेहीताका सम्बन्धमा) पर्याप्त नभएका स्थानमा राज्यको जिम्मेवारी हुन्छ । मानव अधिकार कानुन अन्तर्गत राज्यलाई बाँच्न पाउने अधिकारको प्रत्यक्ष उल्लङ्घन गर्ने अधिकार नहुनेमात्र होइन, उसले बाँच्न पाउने अधिकार सुनिश्चित गर्नुपर्दछ र पीडकलाई निरुत्साहन गर्ने, रोक्ने, अनुसन्धान गर्ने, अभियोजन गर्ने र सजाय दिने उपयुक्त प्रयाशहरू गर्ने दायित्वहरू पनि राज्यमा निहित भएको हुन्छ ।"*[३]

### ३.२.४. विश्याव्यापी आवधिक समीक्षा (UPR)

संयुक्त राष्ट्रसङ्घ अन्तर्गत मानव अधिकार परिषद्बाट Resolution 60/25/CA/ RES160/251/,15 March 2006 मा मानव अधिकार परिषद्को स्थापना गरिएको थियो । विश्वव्यापी आवधिक समीक्षा संयन्त्र संयुक्त राष्ट्रसङ्घ साधारण सभाबाट 60/251 अन्तर्गत स्थापना भएको नयाँ संयन्त्र हुनका साथै यसले संयुक्त राष्ट्रसङ्घका १९३ सदस्य राष्ट्रहरूको मानव अधिकार सम्बन्धी

[३] गैरन्यायीक हत्या सम्बन्धी मानव अधिकार परिषद्मा पेश गरिएको विशेष प्रतिवेदन, २०६७ जेठ ६, A/HRC/14/24, para 46 (D).

दायित्व र प्रतिवद्धताहरूको पुनरावलोकन गर्नका लागि साँढे चारवर्षको कार्यावधि छुटचाएको छ। हरेक वर्ष १४ वटा सेसनहरू हुनेगरी UPR सम्बन्धी कार्य समूहलाई कार्यादेश प्रदान गरिएको छ।UPR को प्रमुख उद्देश्यहरूमा मानव अधिकार अवस्थाको सुधार ल्याउँनु, राज्यको दायित्व र प्रतिवद्धता पूरा गराउन सकारात्मक विकासको आंकलन गर्नु, राज्यको क्षमता निर्माण गर्न एवम् मानव अधिकार संरक्षण र सम्वर्द्धनको लागि सहयोग अभिवृद्धि गर्नु तथा मानव अधिकार परिषद् संयन्त्रहरू तथा मानव अधिकार उच्चायुक्तको कार्यालय (OHCHR) सँग समन्वय, सहयोग, संलग्नतामा प्रोत्साहन गर्नु रहेको छ।

### नेपालको UPR सम्बन्धी प्रतिवेदन

संयुक्त राष्ट्रसङ्घीय बडापत्र, मानव अधिकारको विश्वव्यापी घोषणापत्र, राज्य पक्ष भएका मानव अधिकार सम्बन्धी दस्तावेज, स्वेच्छिक संकल्प र प्रतिवद्धताहरू एवम् कार्यान्वयनमा आउने अन्तराष्ट्रिय मानवीय कानुन UPR का प्रमुख आधारहरू हुन् । यसै क्रममा नेपालको प्रतिवेदनउपर UPR कार्यसमूहको दशौं सत्रको बैठक जनवरी २५, सन् २०११ मा जेनेभामा सम्पन्न भएको थियो। उक्त बैठकमा नेपालका उपप्रधानमन्त्री तथा विदेशमन्त्री सहित १० सदस्यीय प्रतिनिधि मण्डलले राष्ट्रिय प्रतिवेदन प्रस्तुत गरेकोमा ५५ देशले आफ्ना धारणाहरू राखेका थिए। कार्यसमूहले यस प्रतिवेदनलाई २७ जनवरी, २०११ मा ग्रहण गरेको थियो। आयोगले राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग लगायतका राष्ट्रिय संस्थाहरू तथा नागरिक समाजसँग छलफल एवम् परामर्श गरी नेपालमा मानव अधिकारको अवस्थाको सम्बन्धमा छुट्टै प्रतिवेदन पेश गरेको थियो।

नेपालको UPR सम्बन्धी प्रतिवेदन र त्यस उपरको छलफलबाट नेपालले जम्मा १९१ वटा सिफारिसहरू प्राप्त गरेको थियो, जसमध्ये संयुक्त सिफारिसहरू १३५ वटा रहेका थिए। त्यसैगरी नेपालले प्राप्त गरेको सिफारिसहरूमा कार्यान्वयन गरिनुपर्ने सिफारिस सङ्ख्या ९६ रहेको थियो जसमा नेपालले स्वीकारेको सिफारिस सङ्ख्या ५६ रहेको थियो। यसका अतिरिक्त नेपालले पहिलेनै कार्यान्वयन गरेको अथवा कार्यान्वयन प्रकृयामा रहेको सिफारिस सङ्ख्या २८ रहेको र नेपाललाई यस सम्बन्धमा प्रतिक्रिया दिन मानव अधिकार परिषद्को June ११ मा हुने १७औं बैठक सम्मको समय दिएको थियो। नेपालले प्राप्त भएको सिफारिसहरूमध्ये १७ वटा अस्वीकार गरेको छ।

नेपालको UPR सम्बन्धी प्रतिवेदनमा भएका अधिकांश सिफारिसहरू नागरिक तथा राजनीतिक अधिकारसँग सम्बन्धित छन् । नेपालले प्राप्त गरेका अधिकांश सिफारिसहरू संविधान निर्माण, शान्तिप्रकृया, सङ्क्रमणकालीन न्याय, दण्डहीनता र कानुनी शासन, यातना, गैरन्यायिक हत्या, बेपत्ता, लैङ्गिक समानता र अभेदभाव, जातका आधारमा हुने भेदभाव, अपाङ्गता भएका व्यक्तिहरू, बालअधिकार तथा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, विभिन्न अल्पसङ्ख्यक, आदीवासी, राष्ट्रिय मानव अधिकार संस्था, मानव अधिकार रक्षक, शरणार्थी, अन्तर्राष्ट्रिय संयन्त्रसँगको सहयोग, अन्तर्राष्ट्रिय सहयोग, अन्तर्राष्ट्रिय सन्धिको अनुमोदन, मानव अधिकार राष्ट्रिय कार्ययोजना, भेला हुने स्वतन्त्रतासँग सम्बन्धित रहेका छन् ।

नेपालको UPR सम्बन्धी प्रतिवेदन अन्तर्गत प्राप्त सिफारिसहरू मध्ये रोम विधान अनुमोदन गर्नका लागि नीति, कानुन र संस्थागत सुधार आवश्यक रहेको, अपराधसंहिता, फौजदारी कसुरमा सजाय निर्धारण तथा कार्यान्वयन गर्ने सम्बन्धमा व्यवस्थागर्न बनेको विधेयक, फौजदारी कानुन (सजाय निर्धारण तथा कार्यान्वयन) विधेयक लगायतका विधेयकहरू संसदमा विचाराधीन रहेको प्रतिक्रिया नेपाल सरकारले पठाएको देखिन्छ । त्यसैगरी गैरन्यायिक हत्याको अनुसन्धानका लागि स्वतन्त्र रूपमा उजुरी ग्रहण गर्ने व्यवस्थाका लागि उल्लिखित विधेयकहरू संसदमा विचाराधीन रहेको, यसका लागि सर्वोच्च अदालत, राष्ट्रिय मानव अधिकार आयोगजस्ता स्वतन्त्र र स्वायत्त संस्थाहरू क्रियाशील रहेको, द्वन्द्वकालमा भएका मानव अधिकार उल्लङ्घनका घटनाको सम्बन्धमा नेपाल कानुन अनुसार अनुसन्धान भै रहेको, सत्यनिरुपण मेलमिलाप आयोग सम्बन्धी विधेयक संसदमा विचाराधीन रहेको समेत नेपाल सरकारको प्रतिक्रिया रहेको देखिन्छ ।

UPR कार्यसमूहले संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद्को सुझाव र नेपाल सरकारको प्रतिक्रियाका आधारमा प्रस्तुत गरेको सिफारिसहरूमा समयमै संविधान निर्माण हुन नसक्नु, सत्यनिरुपण तथा मेलमिलाप आयोग, बेपत्ता छानविन आयोग, संसदमा विचाराधीन विधेयकहरू पारित भइनसक्नुले सङ्क्रमणकालीन अवस्थामा नागरिक तथा राजनीतिक अधिकार उल्लङ्घनका घटनाहरू घटिरहेको निष्कर्ष निकालेको देखिन्छ । अर्कोतर्फ आयोगका सिफारिसहरू पूर्णरूपमा कार्यान्वयन नहुनुले दण्डहीनताको अवस्था सिर्जना भएको, पीडितले न्याय नपाएको, गम्भीर अपराधमा अदालतले सजाय तोकेको व्यक्तिलाई कुनै सजाय नभएकोले दण्डहीनताको अवस्था कायमै रहेको भन्ने विश्लेषण गरेको देखिन्छ ।

## ३.३. अन्तर्राष्ट्रिय मानवीय कानुन

जेनेभा महासन्धि, १९४९ नेपालको आन्तरिक द्वन्द्वका क्रममा सशस्त्र फौजका सदस्यहरूको आचरणसँग सम्बन्धित दायित्वहरू उल्लेख गरिएका छन् । नेपालले सन् १९४९ अगष्ट १२ का चार वटै जेनेभा महासन्धिहरूलाई अनुमोदन गरेको हुनाले त्यस्ता सन्धिहरूको साथै युद्धको प्रथाजन्य कानुनहरूबाट बाँधिएको छ ।

आन्तरिक सशस्त्र युद्धको समयमा जेनेभा महासन्धिको साझा धारा ३ लागू हुन्छ । साझा धारा ३ मा आन्तरिक द्वन्द्व वा सशस्त्र सङ्घर्षमा द्वन्द्वरत पक्षहरूले पालना गर्नुपर्ने न्यूनत्तम मानवीय व्यवहारहरूको उल्लेख गरिएको छ । यस्ता मानवीय व्यवहारहरूमा सङ्घर्षमा सक्रिय रूपमा भाग नलिने व्यक्तिहरू, सशस्त्र सेनाका हतियार त्यागने व्यक्तिहरू, कुनै कारणले लडाइँबाट अलग भएका व्यक्तिहरू, घाइते वा विरामी भई कव्जा वा नियन्त्रणमा लिइएका लडाकु वा व्यक्तिहरू समेतलाई जाति, धर्म, विश्वास, लिङ्ग आदिका आधारमा भेदभाव नगरी जुनसुकै परिस्थितिमा पनि गर्नुपर्ने मानवीय व्यवहार गर्नुपर्ने, घाइते वा बिरामी व्यक्तिहरूको आवश्यक हेरचाह गर्नुपर्ने, उनीहरूको हत्या, अङ्गभङ्ग, यातना दिन नहुने, बन्धक बनाउन नपाउने, व्यक्तिगत मर्यादामा आघात पुऱ्याउँने, अपमानजनक वा अन्य दुर्व्यवहार गर्न नहुने, कानुन बमोजिम स्थापना भएको अदालतको निर्णयबिना दण्ड सुनाउन र त्यसलाई कार्यान्वयन गर्न नहुने प्रावधानहरू पर्दछन् ।

## ३.४. अन्तर्राष्ट्रिय सन्धिहरू र नेपालको दायित्व

नेपालले विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूमा हस्ताक्षर गरी मानव अधिकारप्रति अन्तर्राष्ट्रिय समुदायसमक्ष आफ्नो प्रतिवद्धता जाहेर गरेको छ । नेपाल सन्धि ऐन, २०४७ को दफा ९ (१)अनुसार नेपाल पक्ष भएका सबै सन्धि, अभिसन्धि, सम्झौताहरूमा उल्लेख भएका प्रावधानहरूको परिपालन गर्ने गराउने दायित्व नेपाल सरकारको रहेको छ । उक्त ऐनमा नेपाल पक्ष भएका सबै सन्धिहरू नेपालको राष्ट्रिय कानुनसरह हुने तथा राष्ट्रिय कानुन र त्यस्ता सन्धिहरू परस्पर बाझिएमा सन्धिको प्रावधान लागू हुने व्यवस्था गरेको छ । ती प्रावधानहरू कार्यान्वयन गर्ने गराउने सन्दर्भमा आवश्यक कार्यविधी तयार गर्ने, ऐन, कानुनहरूको निर्माण, संशोधन गर्नुपर्ने नेपालको दायित्व हो । नागरिक तथा राजनीतिक अधिकार विषयक अन्तर्राष्ट्रिय

अभिसन्धिका प्रावधानहरू लागू गर्न नेपालले अन्तरिम संविधान, २०६३ अन्तर्गत मौलिकहक शीर्षकमा विभिन्न हक अधिकारहरूको व्यवस्था गरेको र ती हक अधिकारहरू उल्लङ्घन भएको अवस्थामा उपचारको व्यवस्थासमेत गरेको पाइन्छ । यसका अतिरिक्त अन्य कानुनी प्रावधानहरूमा पनि विभिन्न नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी व्यवस्था गरिएको पाइन्छ । महासन्धिले सिर्जना गरेका दायित्वहरू पूरा गर्ने तथा प्रभावकारी कार्यान्वयन गर्ने दायित्व नेपाल सरकारको हो ।

सवैधानिक वा कानुनी व्यवस्था भएर मात्र मानव अधिकार संरक्षण वा सम्वर्द्धन हुन सक्दैन । यसको लागि भएका प्रावधानहरूको पालना गर्नु ज्यादै महत्त्वपूर्ण पक्ष हो । कार्यान्वयन पक्षमा नेपाल सरकारको पहल कदमी, प्रतिवद्धतामा सुधार गर्न जरुरी देखिएको छ ।

## ४. आयोगको भूमिका

नेपालको अन्तरिम संविधान, २०६३ ले आयोगलाई मानव अधिकारको संरक्षण, सम्वर्द्धन र प्रभावकारी कार्यान्वयन गर्नका निमित्त गहन जिम्मेवारी दिएको छ । संविधानको धारा ३२ अन्तर्गत राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकारका सम्बन्धमा उल्लेख गर्दै मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानवअधिकार आयोगको कर्तव्य हुनेछ भनी उल्लेख भएको छ । नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभि सन्धिको कार्यान्वयनका लागि नेपाल सरकारलाई अभिसन्धिमा उल्लिखित प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक सुझाव, परामर्श दिने, नागरिक तथा राजनीतिक अधिकार विषयक अभिसन्धिमा भएको व्यवस्था बमोजिम नेपालले पठाउनुपने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारलाई सुझाव तथा राय दिने दायित्व तथा जिम्मेवारी आयोगको हो ।

यस्ता कार्यहरूको लागि आयोगले नागरिक समाज, विभिन्न गैससहरू, नेपाल सरकार र विदेशी सङ्घ संस्थाहरूसँग समेत सहकार्य, छलफल, परामर्श गरी आफ्नो सुझाव, परामर्श उपलब्ध गराउँदै आएको छ । आयोगलाई संविधान तथा ऐन प्रदत्त काम तथा कर्तव्य पूरा गर्नका लागि आयोगले गर्नुपर्ने काम तथा अधिकारको सम्बन्धमा देहायका बुँदाहरूमा सङ्क्षिप्तरूपमा उल्लेख गरिएको छः

१. आयोगले मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा गरेको सिफारिस, आदेश वा निर्देशनको जानी-जानी पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम मानवअधिकार उल्लङ्घनकर्ताको रूपमा सार्वजनिक गर्ने ।

२. मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिअन्तर्गत कुनै निकायमा प्रतिवेदन पठाउनुपर्ने दायित्व भएको विषयमा नेपाल सरकारले प्रतिवेदन पठाउनुअघि रायको लागि आयोगसमक्ष लेखी पठाउने ।

३. आयोगले मानव अधिकारको संरक्षण र सम्वर्द्धनसँग सम्बन्धित कुनै विषयमा आवश्यकता अनुसार कुनै निकाय वा पदाधिकारीको ध्यानाकर्षण गराउने ।

४. मानव अधिकारको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन तथा कार्यान्वयनका सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने ।

५. मानव अधिकारको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धनका लागि आवश्यक र उचित ठानेका अन्य कार्य गर्ने वा गराउने ।

६. आयोगमा प्राप्त उजुरी वा जानकारी वा आयोगले आफ्नै स्वविवेकमा छानबिन तथा अनुसन्धान गरेको विषय तथ्यहीन लागेमा वा सो विषय आयोगको क्षेत्राधिकारभित्र पर्ने नदेखिएमा आयोगले सोको कारण खुलाई त्यस्तो उजुरी, जानकारी वा विषय जुनसुकै समयमा खारेज गर्न वा तामेलीमा राख्न सक्ने ।

७. अन्तर्राष्ट्रिय कानुन बमोजिम मानव अधिकार तथा मानवीय कानुनको गम्भीर उल्लङ्घन मानिने विषय वा प्रचलित कानुन बमोजिम मिलापत्र हुन नसक्ने विषयमा बाहेक आयोगमा विचाराधीन रहेको कुनै उजुरीका सम्बन्धमा सम्बन्धित पक्षहरूले मेलमिलाप गराई पाउन संयुक्त निवेदन दिएमा आयोगले तोकिए बमोजिम मेलमिलाप गराइदिन सक्ने ।

यसप्रकार आयोगको संविधान तथा ऐनप्रदत्त काम कर्तव्यको समग्र रूपमा विश्लेषण गर्दा आयोगलाई मानव अधिकार संरक्षणात्मक कार्य,मानवअधिकार सम्वर्द्धनात्मक कार्य एवम् मानव अधिकारको वकालत गरी ३ वटा प्रमुख जिम्मेवारीहरू प्रदान गरिएको पाइन्छ ।

आयोगलाई प्राप्त संवैधानिक तथा कानुनी अधिकार मार्फत नागरिक तथा राजनीतिक अधिकार विषयक अभिसन्धिमा उल्लेख भएका प्रावधानहरूको

कार्यान्वयन गर्ने सन्दर्भमा राष्ट्रिय संविधान र कानुनमा उल्लेख भएका प्रावधानहरूको पालना भए नभएको अनुगमन गर्ने, सम्बन्धित विषयका उजुरीहरू ग्रहण गर्ने, अनुसन्धान गर्ने र नेपाल सरकार समक्ष आवश्यक सिफारिस गर्ने, सिफारिस तथा आयोगको निर्देशन पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानुन बमोजिम सार्वजनिक गरी अभिलेख राख्ने जस्ता संरक्षणात्मक कार्यहरू गर्दछ। यसैगरी मानव अधिकारको उल्लङ्घन र दुरुत्साहन रोक्ने सम्बन्धमा छानविन एवम् अनुसन्धान गर्ने, नेपाल सरकार मातहतका विभिन्न निकाय, कारागार, थुनुवाकेन्द्रहरू वा कुनै संस्थाको अवलोधन भ्रमण, निरिक्षण गरी त्यस्ता निकाय वा संस्थाहरूको कामकारबाही, भौतिक सुविधा, जनजिवीका र मानव अधिकार सम्बन्धि विषय वस्तुहरूमा आवश्यक सुझाव दिने, मानव अधिकार सम्बन्धी कानुनहरूको प्रभावकारी कार्यान्वयनका लागि सिफारिस गर्ने समेतका संरक्षणात्मक कार्यहरू पनि आयोगले गर्दछ।

मानव अधिकार सचेतना अभिवृद्धि गर्न नागरिक समाज, मानव अधिकार क्षेत्रमा कार्यरत सङ्घसंस्था र सम्बन्धित निकायसँग सहकार्य गर्ने समेतका सम्वर्द्धनात्मक कार्य गर्ने अधिकार तथा दायित्व आयोगलाई रहेको छ। सम्वर्द्धनात्मक कार्य अन्तर्गत आयोगले तालिम, सेमिनार, गोष्ठी, सेमिनार, सम्मेलन गर्ने, विद्युतीय लगायत विभिन्न सञ्चार माध्यमको प्रयोग गरी सचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने, पुस्तक एवम् आयोगका गतिविधि र मानव अधिकारका क्षेत्रमा उपयोगी हुने विविध विषय समावेश गरी जानकारी र सूचनामूलक प्रकाशनहरू प्रकाशित गर्ने, मानव अधिकार शिक्षाको प्रचारप्रसार गर्ने समेतका कार्यहरू पर्दछन्।

उल्लिखित नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको कार्यान्वयनका लागि नेपाल सरकारलाई अभिसन्धिमा उल्लिखित प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक सुझाव, परामर्श दिने, नागरिक तथा राजनीतिक अधिकार विषयक अभिसन्धिमा भएको व्यवस्था बमोजिम नेपालले पठाउनुपर्ने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारलाई सुझाव तथा राय दिने दायित्व तथा जिम्मेवारी आयोगको हो। यस्ता कार्यहरूको लागि आयोगले नागरिक समाज, विभिन्न गैससहरू, नेपाल सरकार र विदेशी सङ्घ संस्थाहरूसँग समेत सहकार्य, छलफल, परामर्श गरी आफ्नो सुझाव, परामर्श उपलब्ध गराउँदै आएको छ।

# ५. आयोगका गतिविधिहरू

राष्ट्रिय मानव अधिकार आयोगले साविकमा मानव अधिकार आयोग ऐन, २०५३, वर्तमान नेपालको अन्तरिम संविधान, २०६३ र मानवअधिकार आयोग ऐन, २०६८ बमोजिम मानव अधिकार संरक्षण, सम्वर्द्धन र पालनाको निम्ति आफ्ना गतिविधिहरू सञ्चालन गर्दै आएको छ। मानव अधिकार संरक्षण सम्वर्द्धन र प्रभावकारी कार्यान्वयनमा आयोगको निरन्तर गतिविधिहरू एवम् पेरिस सिद्धान्त अनुरूप आयोगले प्राप्त गरेको स्वतन्त्र संस्थाको हैसियतले आयोग स्थापनाको ८ महिनाभित्रै राष्ट्रिय मानव अधिकार संस्थाहरू (National Human Rights Instituions) को अन्तर्राष्ट्रिय समन्वय समिति (International Co-ordination Commitee-ICC) बाट आयोगलाई A स्तरको हैसियत प्राप्त हुनुका साथै हालसम्म पनि A स्तरमै कायम रहन सफल भएको छ। आयोगका गतिविधिहरू निम्न लिखित विषयमा केन्द्रित रहँदै आएका छन्:

## ५.१ अनुगमन

आयोग स्थापना कालदेखि नै नागरिक तथा राजनीतिक अधिकारको उपभोग गर्ने सवालमा हुन सक्ने अधिकार उल्लङ्घनका घटनाहरूको प्रभावकारी अनुगमन गर्दै आएको छ। संविधान तथा कानुनद्वारा आयोगको कर्तव्यहरूमा मानव अधिकारको अनुगमन समेत पर्ने भएकोले यस विषयमा आयोगले सक्रियताका साथ आफ्नो दायित्व निर्वाह गर्दै आएको छ। शान्तिपूर्ण धर्ना, जुलुस, सभा, सम्मेलन, विभिन्न राजनीतिक दलहरूद्वारा आयोजित जुलुस एवम् प्रदर्शनीहरूमा समेत आयोगले अनुगमन गर्दै आएको छ।



नेपाल सरकार अन्तर्गतका विभिन्न निकायहरू, कारागार, थुनुवाकेन्द्र लगायतका स्थानहरूको अवलोकन, निरीक्षण, भ्रमण गरी मानव अधिकारको संरक्षणको लागि ती संस्थाहरूको कामकारबाही, भौतिक सुविधा सम्बन्धमा सुझाव तथा सिफारिसगर्ने गर्दछ। आयोगले अनुगमनका क्रममा सुरक्षा कर्मीहरूबाट



अत्यधिक बलप्रयोग गरेको, आग्न्यास्त्र प्रयोग सम्बन्धी न्यूनत्तम प्रक्रिया समेत पूरा नगरी गोली प्रहार हुन गई व्यक्तिको जीवन र स्वतन्त्रता हरण हुन गएका घटनाहरूका सम्बन्धमा नेपाल सरकार मार्फत आवश्यक कारबाहीका लागि सिफारि ससमेत गर्न सक्ने प्रावधान भएअनुरुप सो कार्य गर्दै आएको छ। आयोगको अनुगमनले सम्भावित अप्रिय घटनाहरू र यसबाट हुन सक्ने थप मानव अधिकार उल्लङ्घन एवम् क्षतिका घटनाहरू रोकथाम तथा न्यूनीकरणका लागि प्रभावकारी भूमिका खेल्दै आएको छ। यसले कानुन कार्यान्वयन गर्ने निकाय तथा अधिकारीहरू, अधिकार प्रयोगकर्ताहरूलाई समेत कर्तव्य र अधिकारको बारेमा चेतना अभिवृद्धिमा सहयोग पुगेको देखिन्छ।

आयोगले एकल तथा विभिन्न सङ्घसंस्थाहरूसँग मिलेर तथासंयुक्त रूपमा अनुगमन कार्य गर्दै आएको छ। अनुगमनकर्ताहरूको काम, कर्तव्य र अधिकारका बारेमा सरोकारवालाहरूसँग आयोगले सहकार्य गर्दै आएको, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी विषयवस्तुहरूमा अनुगमन कर्ताहरूको क्षमता विकासका लागि तालिम दिँदै आएको, विभिन्न छलफल, अन्तरकृया कार्यक्रमहरूमा सहभागी हुँदै आएको छ। यसैगरी नेपाल सरकारका

विभिन्न निकायहरूसँग समय समयमा छलफल, परामर्श समेत गर्दै आएको छ ।

२०५२ देखि २०६८ सम्म आयोगले नागरिक तथा राजनीतिक अधिकार संरक्षण, सम्मान र परिपुरणका लागि श्रोतसाधनले भ्याएसम्म सकारात्मक भूमिका खेलेको छ । यस अवधीमा अधिकांश जीवनको अधिकारसम्बन्धी उजुरीहरू आयोगमा दर्ता भएकोमा सम्बन्धित उजुरीहरूको तदारुकताका साथ अनुसन्धान गरी सिफारिस गरेको थियो । आयोगमा दर्ता भएका केही उजुरीहरूको समयमै अनुसन्धान हुन नसक्नु, आयोगका सिफारिसहरू कार्यान्वयन गराउन नसकेका दृष्टान्तहरूले आयोगको कामकारबाही लगायतका भूमिकालाई थप प्रभावकारी बनाउन जरुरी देखिन्छ ।

## ५.२. अनुसन्धान

मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरूको प्रमुख कार्यहरूमध्ये अनुसन्धान प्रमुख कार्य हो । नेपालको अन्तरिम संविधान र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ अनुसार आयोगले नागरिक तथा राजनीतिक अधिकार उल्लङ्घन भएको भनी आयोगमा दर्ता हुन आएको उजुरीको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी इकाइबाट अनुसन्धान गरी आयोगसमक्ष प्रतिवेदन पेश गर्दछ । प्रतिवेदनमाथि आयोगमा छलफल भई निर्णय प्रक्रियामा पुगिन्छ । आयोगले सम्बन्धित मानव अधिकार उल्लङ्घन भएको व्यक्तिलाई अधिकत्तम ३ लाखसम्म क्षतिपूर्ति उपलब्ध गराउन र मानव अधिकार उल्लङ्घन कर्तालाई कानुन बमोजिम कारबाही गर्न सिफारिस गर्न सक्तछ । यस विषयमा आयोगबाट अनुसन्धान सम्बन्धी निम्नकार्यहरू सम्पादन हुँदै आएका छन्:

- नागरिक तथा राजनीतिक अधिकार उल्लङ्घनका उजुरीहरू ग्रहण गर्ने,
- उजुरीहरू उपर अनुगमन तथा अनुसन्धान गरि आयोग समक्ष प्रतिवेदन पेश गर्ने,
- आयोग समक्ष पेश भएको प्रतिवेदन उपर छलफल गरी निर्णय प्रक्रियामा सहभागी हुने,
- आयोगबाट भएको निर्णय कार्यान्वयनका लागि सम्बन्धित पक्षसँग समन्वय, सहकार्य गर्ने,
- नागरिक तथा राजनीतिक अधिकार सम्बन्धित विषयमा विभिन्न प्रतिवेदनहरू प्रकाशन गर्ने ,
- विभिन्न सरोकारवाला निकाय, अधिकारीहरूसँग समन्वय, सहकार्य र परामर्श गर्ने, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी राष्ट्रिय र

अन्तर्राष्ट्रिय कानुन अनुसार नागरिकहरूको हकअधिकार संरक्षण, सम्वर्द्धन र परिपालनाका निम्ति अन्तरइकाइ समन्वय गर्ने ।

आयोगले निम्न माध्यमहरूबाट उजुरी ग्रहण गर्दछः

- लिखित वा मौखिक निवेदन,
- टेलिफोन वा फ्याक्स,
- हुलाक, डाक, टेलीग्राम, इमेल वा लिखित अभिलेख राख्न सकिने अन्य सञ्चारका माध्यम र
- पत्रपत्रिका, आमसञ्चार वा कुनै माध्यमबाट प्राप्त गरेको सूचना तथा जानकारीको आधारमा स्वयम् उजुरी ग्रहण (Suo-Moto) आदि ।

यस्ता उजुरीहरूमा सामान्यतया उजुरी गर्ने र पीडित व्यक्तिहरूको विवरणहरू, आरोपित उल्लङ्घनकर्ताको सम्बन्धमा सम्भव भएसम्मका विवरणहरू उल्लेख भएको हुनुपर्दछ । यसैगरी उजुरीको विषय, उल्लङ्घन भएको मानव अधिकार, घटनाको विवरण, मागदाबी पुष्टि हुने प्रमाणहरू, माग गरेको उपचार, अन्य सङ्घसंस्थामा उजुर गरेको भए सो समेत खुलाउनु पर्दछ । यसरी प्राप्त भएको उजुरीहरूको आयोगबाट अनुसन्धान भई निर्णय गरी निर्णय कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गरिन्छ ।

आयोग स्थापना भएदेखि नै आयोगले नागरिक तथा राजनीतिक अधिकारसँग सम्बन्धित विभिन्न उजुरीहरू ग्रहण गरी अनुगमन तथा अनुसन्धान गरी नेपाल सरकार समक्ष आवश्यक सुझाव तथा सिफारिस गर्दै आएको छ । आयोगले हालसम्म यस विषयमा ३६९ सिफारिसहरू गरिसकेको छ ।

नागरिक तथा राजनीतिक अधिकार उल्लङ्घन भएका विषयमा अनुसन्धान गर्ने क्रममा चिकित्सकहरू, सुरक्षा निकायहरू, नेपाल सरकारका निकायहरू, विभिन्न राजनीतिक दलहरू, नागरिक समाज, मानव अधिकारका क्षेत्रमा कार्यरत विभिन्न सङ्घसंस्थाहरू एवम् सरोकारवालाहरूसँग आयोगले छलफल, परामर्श, सल्लाह, सुझाव, विभिन्न तथ्याङ्क लिने परम्परा अनुरूप सहकार्य गर्दै आएको छ ।

## ५.३. सम्बर्द्धनात्मक गतिविधिहरू

आयोगले निर्वाह गर्नुपर्ने दायित्वमध्ये सम्वर्द्धनात्मक कार्य अर्को महत्त्वपूर्ण कार्य हो । आयोगले यस्ता कार्य मार्फत आफ्ना कार्य, गतिविधिहरूलाई सम्बन्धित सबै पक्षहरूका लागि जानकारी दिने गर्दछ । यसैगरी मानव अधिकार सम्बन्धी

सचेतना कार्यक्रमको सञ्चालन गरी मानव अधिकारको प्रचारप्रसार गर्दछ। आयोगले निम्न कार्यहरू मार्फत नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी विषयमा सम्वर्द्धनात्मक गतिविधि सञ्चालन गरेको छः




(१) २०५८ चैत १२ मा सङ्कटकाल र मानव अधिकारको स्थिति विषयक अन्तरक्रिया कार्यक्रम अन्तर्गत मानव अधिकारको क्षेत्रमा कार्यरत विभिन्न सङ्घसस्थाका प्रतिनिधिहरू तथा राष्ट्रिय मानव अधिकार आयोगको प्रतिनिधिहरूको सहभागीता थियो। उक्त कार्यक्रमा सङ्कटकाल लागू भएपछि मानव अधिकारको व्यापक उल्लङ्घन भएको विषयमा आयोगले प्रभावकारी रूपमा मानव अधिकार संरक्षणको लागि दायित्व निर्वाह गर्नुपर्ने विचारहरू व्यक्त भएको थियो। आम नागरिक विरुद्ध भएको ज्यादतिका घटना रोक्न, न्यूनत्तम मानवीय कानुनको पालना गर्न र शान्ति वार्ताको सम्बन्धमा पहल गरिदिन समेत सहभागीहरूबाट आयोगलाई सुझाव प्राप्त भएको थियो।

(२) २०५८ चैत १६ मा मानव अधिकारको संरक्षण तथा सम्वर्द्धन अन्तर्गत अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरियो। कार्यक्रममा आयोग र परराष्ट्र तथा मानव अधिकार समितिका प्रतिनिधिहरू सहभागीता रहेको थियो भने कार्यक्रममा मानव अधिकार संरक्षण तथा सम्वर्द्धनमा संसद्को महत्त्वपुर्ण भूमिका हुने, परराष्ट्र तथा मानवअधिकार समितिले मानव अधिकार संरक्षण कार्यमा आयोगलाई सहयोग गर्ने प्रतिवद्धता जाहेर गरियो। आयोगले सहभागीहरू समक्ष आफूले गरेका कार्यहरूको सम्बन्धमा जानकारी प्रस्तुत गरेको थियो।

(३) २०५८ चैत २२ मा सङ्कटकाल लागू भएपछि सुरक्षाफौजको कारबाहीको सिलसिलामा भएगरिएका क्रियाकलाप सम्बन्धी छलफल कार्यक्रम सम्पन्न गरियो । राष्ट्रिय सुरक्षा परिषद्का अधिकारी तथा राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीको सहभागीता रहेको उक्त छलफलमा व्यक्तिलाई हिरासतमा लिएपछि त्यसको जानकारी आयोगबाट माग भएअनुसार अविलम्ब उपलब्ध गराउनुपर्ने र सुरक्षा परिषद्का पदाधिकारीद्वारा मानव अधिकार संरक्षणका लागि आयोगलाई सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरिएको थियो ।




(४) २०६१माघ ११मा राष्ट्रिय स्तरको मानव अधिकार तथा शान्ति सम्मेलनको आयोजना भएको थियो । उक्त कार्यक्रममा संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार सम्बन्धी तत्कालीन उच्चायुक्त लुइस आर्वर समेतको उपस्थिति रहेको थियो । यसैगरी नेपाल सरकारका विभिन्न मन्त्रालयका प्रतिनिधिहरू, कुटनीतिक नियोगका प्रतिनिधिहरू गैरसरकारी संस्था र अन्य विभिन्न निकायका विभिन्न व्यक्तिहरूको समेत सहभागीता रहेको थियो । उक्त सम्मेलनमा मानव अधिकार सम्झौतापत्र, आयोगले शान्ति प्रक्रियामा खेल्नुपर्ने भूमिका तथा मानव अधिकारको संवोधनमा छलफल गरि नेपाल सरकार र तत्कालीन नेकपा (माओवादी) लाई शान्ति प्रक्रियामा चाल्नुपर्ने कदमहरूको सम्बन्धमा विभिन्न सुझावहरू प्रस्तुत भएका थिए ।

(५) २०६१ माघ २५ गते मानव अधिकारका क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाका प्रतिनिधिहरू तथा नागरिक समाजका प्रतिनिधिहरूको सहभागीतामा एक दिने अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा मानव अधिकार रक्षकको सुरक्षा, मानव अधिकार रक्षकले निर्वाधरूपले आफ्नो कार्य गर्न पाउने वातावरणको सिर्जना गर्ने लगायत मानव अधिकारका अन्य विषयहरूमा समेत संवेदनशील हुन सरकारलाई आग्रह गरिएको थियो ।

(६) २०६१ चैत ६ गते मानव अधिकारको संरक्षण तथा सम्वर्द्धनमा आयोगको भूमिका विषयमा छलफल कार्यक्रमको आयोजना गरिएको थियो । सङ्कटकालमा मानव अधिकार रक्षकहरूको सुरक्षा, उनीहरूले भोग्नुपरेको समस्या लगायत समग्र मानव अधिकारको स्थितिमा छलफल केन्द्रित थियो । गैरसकारी निकायका प्रतिनिधि, आयोगका सदस्यहरू, सचिव तथा अधिकृत कर्मचारी लगायत सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो ।

(७) २०६३ असोज १९ गते वर्तमान अवस्थामा मानव अधिकारको अवस्था विषयक छलफल कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रममा तत्कालीन नेकपा (माओवादी) र नेपाल सरकार दुवैले गरेका सम्झौताको अक्षरशः पालना गर्न सम्बन्धित पक्षहरूलाई आग्रह गरिएको थियो । आयोगको सम्पर्क कार्यालय जनकपुरको सभाकक्षमा सम्पन्न उक्त कार्यक्रममा पत्रकारहरू र राजनैतिक दलहरूको समेत सहभागीता रहेको थियो ।

(८) २०६३ माघ ११ गते आगामी संविधानसभाको निर्वाचनमा आयोग र नागरिक समाजको भूमिका विषयक अन्तर्क्रिया कार्यक्रमको आयोजना गरियो । आयोगको क्षेत्रीय कार्यालय पोखराको आयोजनामा पर्वत जिल्लाको लुम्लेमा सञ्चालित कार्यक्रममा निर्वाचनलाई निष्पक्ष र प्रभावकारी बनाउनका लागि विभिन्न वर्ग समुदायको भूमिकाका सम्बन्धमा छलफल गरिएको थियो । मानव अधिकारका क्षेत्रमा कार्यरत गैरसकारी सङ्घसंस्था, सरकारी तथा सुरक्षा निकायका प्रमुख, सञ्चारकर्मी, राजनीतिक दलका प्रतिनिधि लगायत नागरिक समाजका प्रतिनिधिहरू समेतको सहभागीता रहेको ।

(९) २०६३ फागुन ३ गते रोल्पामा मानव अधिकार विषयमा अन्तर्क्रिया तथा छलफल कार्यक्रम आयोजना गरियो । कार्यक्रममा मानव अधिकारको वर्तमान अवस्थाको बारेमा छलफल गरिएको थियो । उक्त कार्यक्रममा राजनैतिक दल, पत्रकार, सङ्घसंस्था तथा नागरिक समाजका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

(१०) २०६३ फागुन २९ गते आगामी संविधानसभाको निर्वाचनमा आयोग र नागरिक समाजको भूमिका विषयक अन्तर्क्रिया कार्यक्रम आयोजना गरियो । मधेशका आन्दोलनलाई सम्बोधन नगरी संविधानसभाको निर्वाचन हुन नसक्ने, आन्दोलनको क्रममा मधेशी जनताको मानव अधिकारको हनन् भएको र सो विषयमा मानव अधिकारबादी सङ्घसंस्थाले अनुगमन नगरेको लगायतका भनाइहरू सहभागीको तर्फबाट आएका थिए । उक्त कार्यक्रममा आयोगको काम, कर्तव्य र भूमिकाका बारेमा सहभागीहरूलाई जानकारी गराइएको थियो । कार्यक्रममा पत्रकार, मानव अधिकारकर्मी, कानुनव्यवसायी, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू र मानव अधिकार सञ्जालका सदस्यहरूको समेतको उपस्थिति रहेको थियो ।

(११) २०६४ असार २८ गते बिस्तृत शान्तिसम्झौता सम्बन्धी छलफल कार्यक्रमको आयोजना गरियो । उक्त कार्यक्रममा बिस्तृत शान्ति सम्झौताको अवधिमा मानव अधिकारको अवस्थाको बारेमा जानकारी उपलब्ध गराइएको थियो । कार्यक्रममा राजनैतिक दल, सुरक्षा निकाय, प्रशासन, नागरिक समाज, पत्रकार द्वन्द्वपीडित तथा विस्थापित भएका व्यक्तिहरूको सहभागीता रहेको थियो ।

(१२) २०६४ असार ३० गते संविधानसभा निर्वाचनमा मानव अधिकारकर्मी र गैरसरकारी संस्थाको भूमिका विषयक गोष्ठी सम्पन्न गरियो । खोटाङ दिक्तेलमा सञ्चालित उक्त कार्यक्रममा मानव अधिकारकर्मी, पत्रकार, कानुन व्यवसायी, गैरसरकारी संस्थाका प्रतिनिधि समेतको उपस्थिति रहेको थियो । स्थानीय स्तरसम्म संविधानसभाको बारेमा जानकारी दिने, संविधानसभाको निर्वाचन निष्पक्ष, स्वतन्त्र, र मर्यादित वातावरणमा सम्पन्न गर्ने गराउने उद्देश्य रहेको उक्त कार्यक्रममा मानव अधिकारका क्षेत्रमा कार्यरत गैससहरू र आयोगले महत्वपूर्ण भूमिका खेल्नु पर्ने लगायतका सुझावहरू प्राप्त भएको थियो ।

(१३) २०६५ मङ्सिर २३ र २४ गते मानव अधिकार मैत्री संविधान निर्माणमा हाम्रो पहल विषयक गोष्ठी को आयोजना गरिएको थियो । राजनैतिक दल, महिला, दलित, आदिवासी, यौनिक अल्पसङ्ख्यक व्यक्तिहरू, धार्मिक समुदाय, मजदूर, द्वन्द्वपीडितहरू, विस्थापित भएका व्यक्तिहरू, अपाङ्गता भएका व्यक्तिहरू समेतको उपस्थिति रहेको थियो ।

(१४) २०६५ माघ १२ गते मानव अधिकार र शान्तिसुरक्षाको स्थिति विषयक छलफल आयोजना गरिएको थियो । सुरक्षा निकाय, मानव अधिकारकर्मी, नागरिक समाजका प्रतिनिधिहरू लागायतको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रममा मानव अधिकार र शान्ति सुरक्षाको स्थितिमा थप सुधारका उपाय अवलम्बन गर्न मार्गनिर्देश गरियो ।

(१५) २०६५ चैत २६ गते नेपालगञ्जमा उद्योगी, व्यापारीमाथि चन्दाआतङ्क बढेको सम्बन्धमा छलफल कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा आयोगले गरेका कार्यहरूको बारेमा सहभागीहरूलाई जानकारी गराइएको थियो ।

(१६) २०६६ जेठ १५ देखि १७ सम्म मानव अधिकार मैत्री संविधान र अभिव्यक्ति स्वतन्त्रताको अधिकार विषयक क्षेत्रीय कार्याशाला सम्पन्न गरियो । उक्त कार्यशालामा ९ वटा जिल्लाका पत्रकार महासङ्घका प्रतिनिधि तथा पत्रकार, कानुन व्यवसायी, नागरिक समाज, मानव अधिकारकर्मीहरू समेतको सहभागीता रहेको थियो ।

(१७) २०६६ असार १४ गते नेपालगञ्जमा संविधान निर्माणको लागि सरोकारवालाहरूको सुझाव सङ्कलन गरी सम्बन्धित निकायमा पुऱ्याउँने उद्देश्यले एक कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा राजनैतिक दल, सरकारी निकाय, गैरसरकारी निकाय अन्तर्राष्ट्रिय सङ्घसंस्थाका प्रतिनिधि एवम् सञ्चारकर्मीहरूको सहभागीता रहेको थियो ।

(१८) २०६६ असार २३ गते नागरिकका मानव अधिकारको विषयमा छलफल गरियो । एकआपसमा समन्वय तथा सहयोग आदानप्रदान गर्ने उद्देश्यका साथ सम्पन्न उक्त कार्यक्रममा गम्भीर छलफल भइ सहभागीहरूबाट समन्वय गर्ने प्रतिवद्धता व्यक्त भएको थियो ।

(१९) २०६६ कार्तिक १५ गते बाँके जिल्लामा एनेकपा (माओबादी) ले गर्न लागेको बन्दहड्ताल घेराउजस्ता कार्यक्रमबाट सेवाग्रहीमाथि परेको असुविधालाई सकेसम्म न्यूनीकरण गर्ने उद्देश्यले अन्तर्क्रिया कार्यक्रम आयोजना गरिएको थियो ।

(२०) २०६६ मङ्सिर २५ गते विराटनगरमा मानव अधिकार दिवस मनाउने तथा समयमै मानव अधिकारमैत्री संविधान निर्माणमा पहल गर्ने उद्देश्यले सभासद्, प्रशासक, राजनैतिक दल , सङ्घसंस्था, मानव अधिकारकर्मी तथा सञ्चारकर्मीहरूको सहभागीतामा एक दिवसीय अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरियो ।

(२१) २०६६ पुस २६ गते मुगु जिल्लाको मानव अधिकारको अवस्था विषयक अन्तर्क्रियाको आयोजना गरिएको थियो ।

(२२) २०६६ चैत ३० गते जनकपुरमा भावी संविधानको लागि प्रारम्भिक मस्यौदामा नागरिकता सम्बन्धी अधिकार विषयक छलफल सम्पन्न भयो । संविधानसभाको मानव अधिकार तथा मौलिक सिद्धान्त समितिद्वारा निर्मित नागरिकता सम्बन्धी मस्यौदाउपर छलफल गरी रायसुझाव लिने कार्यक्रमको उद्देश्य रहेको थियो ।

(२३) २०६७ वैशाख २२ गते पोखरामा आम हड्तालमा मानव अधिकारको अवस्था विषयक अन्तर्क्रिया आयोजना गरियो । आयोजकलाई भावी दिनमा कमीकमजोरीहरू सुधार्न टेवा पुऱ्याउँने उद्देश्यले आयोजित उक्त कार्यक्रमबाट आफ्नो अधिकारको प्रयोग गर्दा अरूको अधिकारको सम्मान गर्नु पर्नेजस्ता विषयमा चर्चा गरिएको थियो । कार्यक्रममा नागरिक समाज, पत्रकार, मानव अधिकारकर्मी लगायतको उपस्थिति रहेको थियो ।

## ५.४. विधिविषय परामर्श

राष्ट्रिय मानव अधिकार आयोगले नागरिक तथा राजनीतिक अधिकार विषयक अन्तर्राष्ट्रिय सन्धिको अध्ययन गरी नेपाल सरकारलाई सम्बन्धित व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक सुझाव दिँदै आएको छ । यसै गरी उक्त सन्धिमा भएको व्यवस्था बमोजिम नेपालले पठाउनुपर्ने आवधिक

प्रतिवदनका सम्बन्धमा नेपाल सरकारलाई आवश्यक रायसुझाव दिने, प्रचलित कानुनी व्यवस्थाको अध्ययन गरी पुनरावलोकनको लागि नेपाल सरकारलाई सिफारिसगर्ने समेतका कार्य गर्दै आएको छ। यसैगरी मानव अधिकारसँग सम्बन्धित नेपाललाई उपयोगी हुने मानव अधिकारका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूलाई अनुमोदन गर्न कारण सहितको सिफारिस नेपाल सरकारलाई दिँदै आएको छ।

आयोगको स्थापनाको सुरुको वर्षमा नै नेपालले आवधिक प्रतिवेदन पठाउनुपर्ने महासन्धिहरूको अवस्थाको सम्बन्धमा अध्ययन गरिँदा कतिपय प्रतिवेदनहरू लामो समयसम्म पनि नपठाएको, केही पठाइएका आवधिक प्रतिवेदनहरू पनि सम्बन्धित समितिले तोकेको मापदण्ड अनुसार नलेखिएको तथा कुन मन्त्रालयले कुन महासन्धि अर्न्तगतको प्रतिवेदन पठाउनुपर्ने भन्ने स्पष्ट नभएको जस्ता कठिनाइ देखिएको थियो। नेपाल पक्ष भएको मानव अधिकार सम्बन्धी महासन्धिहरू सम्बन्धमा अन्तर्राष्ट्रिय निकायहरूमा पेश गर्नुपर्ने आवधिक प्रतिवेदन समयमा र सम्बन्धित समितिले तोकेको मापदण्ड अनुसारको व्यवस्थित तथा नियमित ढङ्गले तयार गर्न सम्पर्क विन्दु तोक्ने सम्बन्धमा अवश्यक संरचना निमार्ण गर्ने सम्बन्धमा सरकारलाई आवश्यक सुझाव प्रदान गर्ने उद्देश्यले २०५९ कार्तिक १२ मा आयोग र सम्बन्धित मन्त्रालयहरूबीच "Seminar on International Human Rights Reporting Obligations of His Majesty's Government" विषयक एक दिवसीय गोष्ठी आयोजना गरिएको थियो। उक्त गाष्ठीबाट प्राप्त निष्कर्षसहित अन्तराष्ट्रिय सन्धिसम्झौताको कार्यान्वयनको सम्बन्धमा मन्त्रिपरिषद्को २०५९मङ्सिर ४ को च.नं ४५ को पत्रमार्फत मन्त्रीपरिषद्बाट स्वीकृत गरिएको थियो।

राष्ट्रिय मानव अधिकार आयोगले नागरिक तथा राजनीतिक अधिकार विषयमा अध्ययन गरी नेपाल सरकारलाई आवश्यक सुझाव दिएको छ। केही प्रमुख विषय, सुझाव तथा सिफारिसहरू देहायबमोजिम रहेका छन् :

१. बेपत्ता सम्बन्धी विधेयकउपर आयोगले राय उपलव्ध गराएको,

२. सुरक्षा सम्बन्धी कानुनको पुनरावलोकन गरेको,

३. नागरिक तथा राजनीतिक अधिकार विषयक अन्तर्राष्ट्रिय महासन्धिको घरेलुकरणको सम्बन्धमा अध्ययन गरी सिफारिस गरिएको,

४. रोमविधान अनुमोदनको लागि नेपाल सरकारलाई सिफारिस गरेको,

५. रोमविधान अनुमोदन गर्ने विषयमा गरिएको अध्ययन प्रतिवेदन प्रकाशित गरेको,

६. सत्यनिरुपण तथा मेलमिलाप आयोग सम्बन्धी विधेयकको सम्बन्धमा नेपाल सरकारलाई सुझाव पठाएको,

७. नागरिक तथा राजनीतिक अधिकार विषयक अन्तर्राष्ट्रिय महासन्धिको सम्बन्धमा पहिलो आवधिक प्रतिवेदनको सम्बन्धमा आयोगको राय तथा सुझाव पठाएको, दोस्रो, तेस्रो र चौथो आवधिक प्रतिवेदनको सम्बन्धमा २०६७ कार्तिक ३ को आयोगको निर्णयबमोजिम राय तथा सुझाव नेपाल सरकारलाई पठाएको,

८. प्रस्तावित अपराध संहिता, फौजदारी कार्यविधि संहिता तथा फौजदारी कसूर सजाय (निर्धारण तथा कार्यान्वयन) विधेयकमाथि आयोगको राय तयार गरी आयोगको २०६८ असार १५ को निर्णय बमोजिम कानुन मन्त्रालय तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषको कार्यालयमा पठाएको,

९. धरौट, जमानत तथा हिरासत सम्बन्धी कानुनमा संशोधन र एकीकरण गर्न बनेको ऐन,२०६६ उपर नेपाल सरकारलाई सुझाव पठाएको र

१०. विरुद्व लक्षित बारुदी सुरुङको प्रयोग, भण्डारण,उत्पादन तथा ओसारपसार माथि प्रतिबन्ध तथा तिनको विनाश सम्बन्धी महासन्धिको पक्ष राष्ट्र बन्नको निमित्त नेपाल सरकारलाई सिफारिस गर्ने सम्बन्धमा आयोगमा सिफारिसको लागि राय प्रतिवेदन पेश गरेको ।

## ५.५. उजुरीहरूको अवस्था

आयोगमा २०६८ चैत मसान्तसम्म बाँच्न पाउने अधिकार, न्याय प्रशासन र अन्य नागरिक तथा राजनीतिक अधिकारहरूसँग सम्बन्धित १,६१२ वटा उजुरीहरू दर्ता हुन आएको थियो । ती उजुरीहरूमध्ये अधिकांश बाँच्न पाउने अधिकारसँग सम्बन्धित रहेको देखिन्छ । द्वन्द्वकालमा व्यापक रूपमा ती अधिकारहरूको उल्लङ्घन भएको देखिन्छ । न्याय प्रशासनसँग सम्बन्धित अधिकांश उजुरीहरू गैरकानुनी थुना, पुन पक्राउ, प्रहरीद्वारा प्रभावकारी अनुसन्धान नभएको, प्रदर्शनमा सुरक्षाकर्मीहरूले अत्यधिक बल प्रयोग गरेको विषयसँग सम्बन्धित देखिन्छन् । यसअन्तर्गत हत्या र जीवनको अधिकारसँग सम्बन्धित ८२७ तथा न्याय प्रशासनसँग सम्बन्धित ७८५ वटा उजुरीहरू

रहेका छन् । क्षेत्रीय कार्यालय विराटनगर, नेपालगञ्ज र जनकपुरमा यस्ता उजुरीहरूको चाप अधिक रहेको देखिन्छ । क्षेत्रगत रूपमा उजुरीहरूको विवरण देहायबमोजिम रहेको छः

| कार्यालय | खोटाङ | विराटनगर | जनकपुर | पोखरा | बुटवल | नेपालगञ्ज | जुम्ला | धनगढी | ललितपुर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ICCPR-Killings | ३१ | १४४ | ७२ | ४२ | ६४ | २७१ | २४ | ९२ | ८७ | ८२७ |
| ICCPR-Others | २४ | २५६ | १२७ | ४७ | ८० | ११० | २४ | २० | ९७ | ७८५ |
| उजुरी | ५५ | ४०० | १९९ | ८९ | १४४ | ३८१ | ४८ | ११२ | १८४ | १६१२ |

## ५.६. सिफारिसको अवस्था

तथ्याङ्कगत रूपमा हेर्ने हो भने वि.सं. २०५८ साल देखि २०६८ साल चैत मसान्तसम्म आयोगले जीवनको अधिकारसँग सम्बन्धी उजुरीहरू मध्ये ३५७ वटा र न्याय प्रशासन, गैरकानुनी थुना, धम्की, पुनः गिरफ्तारी, जबरजस्ती चन्दा लगायत अन्य नागरिक तथा राजनीतिक अधिकाकारसँग सम्बन्धित १२ वटा गरी ३६९ वटा उजुरीहरूमा सिफारिस गरेको छ । क्षेत्रगत रूपमा आयोगका सिफारिसहरू देहाय बमोजिम रहेका छन् :

| कार्यालय | खोटाङ | विराटनगर | जनकपुर | पोखरा | बुटवल | नेपालगञ्ज | जुम्ला | धनगढी | ललितपुर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ICCPR-Killing | १३ | २१ | ४३ | ५७ | ५२ | ३८ | १३ | ४४ | ७६ | ३५७ |
| ICCPR-Others | ० | ० | ० | ५ | ० | १ | १ | ० | ५ | १२ |
| सिफारिस | १३ | २१ | ४३ | ६२ | ५२ | ३९ | १४ | ४४ | ८१ | ३६९ |

**नोट** : तथ्याङ्कको अभिलेखन आयोगको मिति २०६५ कार्तिक १ गतेको निर्णयानुसारको क्षेत्राधिकार बमोजिम गरिएको छ ।

## ५.७. आयोगले प्रदान गर्ने सेवाहरू

नागरिक तथा राजनीतिक अधिकार विषयमा यस आयोगले देहायमा उल्लेख गरे बमोजिमका सेवाहरू उपलव्ध गराउँदै आएकोछ :

- नागरिक तथा राजनीतिक अधिकार उल्लङ्घन तथा ज्यादतिका उजुरीहरू ग्रहण गर्ने,
- आयोगले स्वविवेकीय आधारमा पनि उजुरी लिन सक्ने,
- उजुरीउपर प्रारम्भिक कारबाही गर्ने, पत्राचार तथा सोधपुछ गर्ने,

- नागरिक तथा राजनीतिक अधिकारको अवस्थाको अनुगमन गर्ने,
- उजुरीको छानवीन, तथ्य सङ्कलन, अनुसन्धान गर्ने,
- उजुरीउपर अनुसन्धानबाट प्राप्त तथ्यको आधारमा सिफारिस गर्ने,
- सम्वर्द्धनात्मक तथा सचेतनात्मक गतिविधिहरू सञ्चालन गर्ने,
- सरोकारवाला निकायहरूसँग नागरिक तथा राजनीतिक अधिकार रक्षाका लागि समन्वय र सहकार्य गर्ने,
- अनुगमन, अध्ययन, अनुसन्धान तथा सम्वर्द्धनात्मक गतिविधिहरू सम्बन्धमा प्रकाशन गरी वितरण गर्ने,
- तालीम, अन्तरक्रिया, गोष्ठी, संवादका कार्यक्रमहरू सञ्चालन गर्ने,
- नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा राष्ट्रिय कानुनहरूबारे जानकारी गराउने र
- राष्ट्रिय कानुन, नीति तथा कार्यक्रमहरू मानव अधिकार मैत्री भएनभएको सम्बन्धमा राय तथा सुझाव दिने ।

### ५.८. आयोगको प्रकाशन

आयोगद्वारा स्थापनाकालदेखि हालसम्म प्रकाशित भएका नागरिक तथा राजनीतिक अधिकारहरू लगायत विविध विषयहरूसँग सम्बन्धित अनुगमन, अनुसन्धान, कानुनी परामर्श एवम् सम्वर्द्धनात्मक गतिविधिहरूसँग सम्बन्धित प्रकाशनहरू सरोकारवालाहरूलाई निःशुल्क रूपमा वितरण गर्ने गरिएको छ । आयोगद्वारा प्रकाशित केही प्रमुख प्रकाशनहरूको सूची देहायको तालिकामा उल्लेख भएबमोजिम रहेका छन् :

| क्र.सं. | प्रकाशनहरू | साल |
|---|---|---|
| १ | राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धी ब्रोसियर्स (नेपाली र अङ्ग्रेजी) | २०५७ |
| २ | मानव अधिकार अनुगमन सम्बन्धी ब्रोसियर्स | २०६१ |
| ३ | द्वन्द्वको समयमा बालबालिका अधिकारको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाहरूले पालना गर्नुपर्ने आयोगबाट जारी भएको आचारसंहिता | २०६२ |

| क्र.सं. | प्रकाशनहरू | साल |
|---|---|---|
| ४ | श्री ५ को सरकार र नेकपा (माओवादी) बीचको मानव अधिकार संझौता-पत्रको मस्यौदा | २०६२ |
| ५ | मानव अधिकार स्रोत केन्द्र सम्बन्धी ब्रोसियर्स | २०६३ |
| ६ | आयोगद्वारा प्रस्तावित नेपाल सरकार र नेकपा माओवादी बीचको मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुन सम्बन्धी सम्झौता पत्रको मस्यौदा सम्बन्धी ब्रोसियर्स | २०६३ |
| ७ | बन्दीको अधिकारसम्बन्धी ब्रोसियर्स | २०६३ |
| ८ | आन्तरिकरूपमा विस्थापितहरूको अधिकार सम्बन्धमा जानकारी | २०६३ |
| ९ | संविधानसभा र मानव अधिकार सम्बन्धी ब्रोसियर्स | २०६३ |
| १० | राष्ट्रिय मानव अधिकार आयोग, वार्षिक प्रतिवेदन, २०५८-२०६८ (नेपाली र अङ्ग्रेजी), | २०६८ |
| ११ | सङ्कटकाल र मानव अधिकार, अनुगमन प्रतिवेदन, २०५९ (नेपाली र अङ्ग्रेजी) | २०६० |
| १२ | नेपालमा मानव अधिकारको स्थिति: एक प्रतिवेदन, २०६० | २०६१ |
| १३ | नेपालमा मानव अधिकारको स्थिति: एक सारांश प्रतिवेदन, २०६० | २०६१ |
| १४ | Human Rights in Nepal : A Status Report 2003 | २०६१ |
| १५ | Human Rights in Nepal : A Summary Report 2003 | २०६१ |
| १६ | Annual Progress Report, January-December 2003 | २०६१ |
| १७ | द्वन्द्वको अवस्थामा मानव अधिकारका लागि श्री ५ को सरकार तथा नेकपा (माओवादी) समक्ष प्रस्तुत गरिएका सुझाव | २०६१ |
| १८ | सङ्कटकालमा मानव अधिकारको अवस्था, २०६२ | २०६३ |
| १९ | युद्धविरामको अवस्थामा मानव अधिकार अवस्थाको अनुगमन, २०६२ | २०६३ |
| २० | आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६२ र मानव अधिकारका मापदण्डहरू, पूनरावलोकन प्रतिवेदन, २०६३ | २०६३ |
| २१ | जनआन्दोलन अनुगमन प्रतिवेदन, २०६३ | २०६३ |
| २२ | National Report in Trafficking specially in Women and Children, 2006 | २०६२ |
| २३ | छ महिने युद्धविरामको अवधिमा मानव अधिकारको अवस्था सम्बन्धी प्रतिवेदन २०६३ | |
| २४ | शान्ति सम्झौताको अवधिमा मानव अधिकार अवस्था सम्बन्धी प्रतिवेदन | २०६३ |

| क्र.सं. | प्रकाशनहरू | साल |
|---|---|---|
| २५ | Report on the Implementation Status of existing Laws, Acts, Rules & Facilities made for the Development, Promotion & Protection of the People with Disabilities. | २०६४ |
| २६ | Study on the Domestication Status of International Covenant on Civil & Political Rights in Nepal | २०६४ |
| २७ | शान्तिसम्झौताको अवधिमा मानव अधिकार अवस्था | २०६४ |
| २८ | ESCR Monitoring Indicators, User's Guide (With OHCHR) | २०६८ |
| २९ | Remedies and Rights Revoked : Case Withdrawals for Serious Crimes in Nepal, Legal Opinion, 2011 (With OHCHR) | २०६८ |
| ३० | गतिविधि पुस्तिका, राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय, नेपालगञ्ज, २०६४-२०६८ | २०६८ |
| ३१ | गतिविधि पुस्तिका, राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय, पोखरा, २०६४-२०६८ | २०६८ |
| ३२ | गतिविधि पुस्तिका, राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय, धनगढी, २०६४-२०६६ | २०६६ |
| ३३ | राष्ट्रिय मानव अधिकार आयोगका सिफारिस कार्यान्वायनको अवस्था | २०६५ |
| ३४ | मानव अधिकारको दृष्टिमा संविधानसभा निर्वाचन | २०६५ |
| ३५ | शान्ति सम्झौताको अवधिमा मानवअधिकार अवस्था- आठ महिना | २०६५ |
| ३६ | नेपालको सशस्त्र द्वन्द्वको अवधिमा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था सम्बन्धी प्रतिवेदन | २०६५ |
| ३७ | संविधान निर्माणको सिलसिलामा उपयोगी हुने प्रश्नोत्तरको संगालो | २०६५ |
| ३८ | अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधान १९९८ अनुमोदनको आवश्यकता र औचित्य | २०६५ |
| ३९ | मानव अधिकारको अवस्था सम्बन्धी प्रतिवेदन | २०६५ |
| ४० | राष्ट्रिय मानव अधिकार आयोगले गरेका सिफारिसहरूको कार्यान्वयन सम्बन्धी अवस्था | २०६६ |
| ४१ | बिस्तृत शान्तिसम्झौताको पहिलो, दोश्रो, तेस्रोर चौथो वर्षको अनुगमन प्रतिवेदन, (नेपाली र अङ्ग्रेजी) | २०६४<br>२०६७ |
| ४२ | A Brief Overview (Annual Report) | २०६६ |

| क्र.सं. | प्रकाशनहरू | साल |
|---|---|---|
| ४३ | आयोगको एक, दशक महत्त्वपूर्ण प्रेस विज्ञप्तिहरू, २०५७-२०६७ | २०६७ |
| ४४ | A Decade of NHRC Nepal, 2011 (Pictorial Book) | २०६७ |
| ४५ | आायोगको एक दशक, उजुरीउपर आयोगका सिफारिसहरू, २०५७-२०६७ | २०६७ |
| ४६ | The report of NHRIs Nepalon the UPR process | |
| ४७ | नागरिक समाजसँग आयोगको सहकार्य, सङ्क्षिप्त प्रतिवेदन | २०६८ |
| ४८ | मानव अधिकारसम्बन्धी सङ्क्रमणकालीन न्यायका सम्बन्धमा आयोगको निर्णय | २०६८ |
| ४९ | NHRC recommendations upon complaints in a decade(2000-2010) | २०६८ |
| ५० | मानव अधिकार रक्षकहरूका लागि प्रशिक्षण पाठ्यक्रम (नेपाली र अङ्ग्रेजी) | २०६८ |
| ५१ | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी परिचयात्मक पुस्तिका | २०६९ |
| ५२ | शवोत्खनन् मार्ग-निर्देशिका, २०६९ | |
| ५३ | मानव अधिकार आयोग ऐन, २०५३ तथा राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ | २०६९ |
| ५४ | Human Rights Commission Act, 2053 (1997) | २०६९ |
| ५५ | मानव अधिकार प्रश्न-उत्तर सँगालो | २०६१ |
| ५६ | आयोगका पाँच वर्ष, २०५७-२०६२ | २०६२ |
| ५७ | राष्ट्रिय मानव अधिकार आयोगको चार वर्षका उपलब्धी (मैथिलीमा) | २०६१ |
| ५८ | नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको बिस्तृत शान्तिसम्झौता | २०६३ |
| ५९ | मानव अधिकारको विश्वव्यापी समीक्षा सम्बन्धी ब्रोसियर्स | २०६८ |
| ६० | मानव अधिकारको विश्वव्यापी समीक्षा सम्बन्धी प्रतिवेदन | २०६८ |
| ६१ | मानव अधिकारको विश्वव्यापी घोषणापत्र सम्बन्धी सचित्र पोष्टर | २०६६ |
| ६२ | NHRC-nepal and OHCHR Nepal observation on the NHRC bill-2009 | २००११ |

## ६. आयोगको सहकार्य

मानव अधिकारको संरक्षण, सम्वर्द्धन र पालनाको निम्ति आयोगको एक्लो प्रयासमात्र सम्भव छैन । यसका लागि आयोगले राष्ट्रिय र अन्तर्राष्ट्रिय

स्तरमा कार्यरत विभिन्न मानव अधिकारसँग सम्बन्धित सङ्घसंस्थाहरू, कुटनीतिक नियोग, संयुक्त राष्ट्रसङ्घीय विभिन्न निकायहरू, नागरिक समाजसँग समेत अर्थ र औचित्यपूर्ण सहकार्य सञ्चालन गर्दै आइरहेको छ। उक्त विभिन्न निकाय, सङ्घसंस्था, नियोगहरू सँगको सहकार्यलाई आयोगले उच्च प्राथमिकता दिँदै आएको छ ।

राष्ट्रिय स्तरमा आयोगले नेपाल सरकार तथा मातहतका निकायहरू, सुरक्षा निकायहरू, विभिन्न राजनैतिक दलहरू, संसद्, न्यायिक निकायहरू र नागरिक समाज एवम् मानव अधिकार सम्बद्ध सङ्घसंस्थाहरूसँग छलफल, अन्तर्क्रिया गर्दै आइरहेको छ । आयोगको सहकार्यलाई सारांशमा निम्न लिखित बुँदाहरूमा चर्चा गरिएको छः

## ६.१ नेपाल सरकारसँगको सहकार्य

नेपाल सरकार र आयोगबीच केही नीतिगत विषय बाहेक सौहाद्रपूर्ण सम्बन्ध रहेको छ। नागरिक तथा राजनीतिक अधिकारका सम्बन्धमा आयोग र नेपाल सरकारबीच विभिन्न छलफल, विचार आदानप्रदान, पत्राचार, सहकार्य हुँदै आएको छ । आयोग र सरकारबीच छलफल भई प्रधानमन्त्री कार्यालयमा आयोगका सिफारिसहरू कार्यान्वयन गर्नका लागि मानव अधिकार प्रवर्द्धन कार्यालयको स्थापना गरिएको छ। नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीमा मानव अधिकार सम्बन्धी छुट्टै इकाइको स्थापना भएदेखि नै नेपाल सरकार र उल्लिखित मानव अधिकार इकाइहरूसँग आयोगको सकारात्मक सहकार्य हुँदै आएको छ ।

अनुसन्धान कार्यमा अयोगले नेपाल प्रहरी, नेपाली सेना लगायत सुरक्षा निकायहरूसँग सहयोग र समन्वय गर्दै आएको छ। मानव अधिकार उल्लङ्घनका घटनाहरूका बारेमा सुरक्षा निकायले आयोगलाई लिखित रूपमा विवरण दिने क्रम बढ्दै गएको छ । यसबाट पछिल्लो समयमा मानव अधिकार उल्लङ्घनका घटनाहरूको निष्पक्ष छानविन गरी मानव अधिकार संरक्षण कार्यका लागि आयोगलाई थप सहयोग पुग्दै आएको छ । त्यसैगरी मानव अधिकारका विभिन्न पक्षहरू, मानवीय कानुनका बारेमा नेपाली सेना लगायत अन्य सुरक्षा निकायका अधिकारीहरूलाई आयोगले तालिम तथा अभिमूखीकरण मार्फत सचेत बनाउने कार्यमा सहयोग पऱ्याउँदै आएको छ । यसका अतिरिक्त आयोगद्वारा आयोजित विभिन्न तालीमहरूमा समेत नेपाल सरकार, सुरक्षा

निकायका अधिकारीहरूलाई श्रोतव्यक्ति एवम् सहभागीको रूपमा समावेश गराउँदै आएको छ ।

आयोगले सिफारिस गरेका निर्णयहरू नेपाल सरकारबाट कार्यान्वयन हुने संबैधानिक तथा कानुनी प्रावधान रहेको भएतापनि क्षतिपूर्ति सम्बन्धमा बाहेक पीडकलाई कारबाही गर्ने सम्बन्धी सिफारिसहरू नेपाल सरकारबाट प्रभावकारी रूपमा कार्यान्वयन नभैरहेको अवस्थामा आगामी दिनहरूमा यस्ता सिफारिसहरूको पूर्ण कार्यान्वयन गर्ने तर्फ ध्यानकेन्द्रित गर्नुपर्ने अवस्था छ ।

## ६.२. नागरिक समाजसँगको सहकार्य

आयोग स्थापना हुनुभन्दा अगाडि नै मानव अधिकारका क्षेत्रमा विभिन्न सङ्घसंस्थाहरू कार्यरत रहँदै आएको परिप्रेक्ष्यमा आयोग र नागरिक समाजबीच सहकार्य हुनु अत्यन्त स्वभावीक र आवश्यक छ । आयोग स्थापनाका लागि नागरिक समाजको भूमिका महत्त्वपूर्ण रहेको थियो । मानव अधिकारका क्षेत्रमा कार्यरत विभिन्न गैरसरकारी संस्थाहरू, वुद्धिजीवी, पत्रकार, पेशागत सङ्घ सङ्गठनहरूसँग आयोगको रचनात्मक र सौहाद्रपूर्ण सम्बन्ध रहँदै आएको छ । यस्ता सबै सङ्घ संस्थाहरूलाई आयोगले सरोकारवालाका रूपमा लिएको छ ।

नेपालका पाँच विकास क्षेत्रका अधिकांश जिल्लाहरूमा आयोगले नागरिक समाजसँगको सहकार्यलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्दै आएको छ । संयुक्त रूपमा कार्यक्रमको आयोजना, तालीम, सेमिनार, सहभोज, अन्तरक्रिया, छलफल मार्फत आयोगले नागरिक समाजसँग सहकार्य गर्दै आइरहेको छ । नागरिक समाजबाट आयोगले मानव अधिकार संरक्षण र सम्वर्द्धनको क्षेत्रमा पाएको सहयोगको उच्च मूल्याङ्कन गरिएको छ । मानव अधिकार संरक्षण, सम्वर्द्धन र परिपालनाका लागि नागरिक समाजसँग आयोगको सहकार्यलाई अझै प्रभावकारी रूपमा अगाडि बढाउनुपर्ने देखिएको छ ।

नागरिक समाज तथा गैरसरकारी संस्थाहरू मार्फत आयोगले नागरिक तथा राजनीतिक अधिकार सम्बद्ध विभिन्न जानकारी तथा सूचनाहरू प्राप्त गर्ने गरेको छ । यसै गरी यस्ता संस्थाहरूले आयोगमा उजुरीहरू पठाइ मानव अधिकार संरक्षणमा सक्रिय भूमिका निर्वाह गर्दै आएका छन् । अनुसन्धान, अनुगमनका क्रममा आयोगलाई विभिन्न राय, परामर्श, सुझावहरू समेत दिँदै आएका छन् । विभिन्न समयमा आयोग र नागरिक समाज, गैरसरकारी

संस्थाहरूबीच संयुक्त रूपमा अनुगमन, अनुसन्धान हुँदै आएका छन् । सशस्त्र द्वन्द्वको अवस्थामा विभिन्न गैरसरकारी संस्थाहरू, नागरिक समाज र आयोगले संयुक्त रूपमा ६५ वटाभन्दा बढी जिल्लाहरूमा मानव अधिकारको स्थिति अनुगमन गरेको थियो ।

मानव अधिकार राष्ट्रिय महाभेला, २००९,१० र ११ को सन्दर्भमा मानव अधिकारसँग सम्बन्धित १५० भन्दा बढी सङ्घ संस्थाहरू र आयोगको संयुक्त आयोजनामा भव्यताका साथ सम्पन्न भएका थिए । कार्यक्रममा नागरिक तथा राजनीतिक अधिकारसँग सम्बन्धित विभिन्न विषयमा छलफल भएका थिए । महाभेलाबाट पारित घोषणापत्रहरूमा नागरिक तथा राजनीतिक अधिकारहरू, महिला आप्रवासी कामदार, अपांगता भएका व्यक्तिहरूको अधिकार, जातीय विभेद, महिला मानव अधिकार जस्ता विषयहरू समेतमा विशेष जोड दिएको थियो । यसका अतिरिक्त आयोगका क्षेत्रीय, उपक्षेत्रीय कार्यालयहरू मार्फत क्षेत्रीय र स्थानीय तहमा पनि सरोकारवालाहरू बीच समन्वय र सहकार्य हुने गरेको छ ।

### ६.३. सञ्चार जगतसँगको सहकार्य

आयोग स्थापना हुनु पूर्वबाट नै सूचनाको हक संरक्षण गर्ने सन्दर्भमा सञ्चार माध्यमहरूको भूमिका सऱ्हनीय रहँदै आएको थियो । आयोग स्थापना गर्ने विषयलाई, स्थापना भैसकेपछि नागरिक तथा राजनीतिक अधिकार विषयमा आयोगका गतिविधिहरूलाई सञ्चार माध्यमहरूले प्राथमिकताका साथ प्रकाशन र प्रशारण गर्दै आइरहेका छन् । आयोगका विभिन्न कार्यक्रमहरूमा सञ्चारजगतलाई आमन्त्रण गर्ने गरिएको छ । यसै गरी महत्त्वपूर्ण मानव अधिकारका सवालहरूमा आयोगको धारणा सार्वजनिक गर्नका लागि आयोगले सञ्चार जगतको सहयोग लिँदै आएको छ । हाल आएर आयोगले रेडियो सगरमाथाबाट मानव अधिकार सचेतना कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । यसैगरी रेडियो, टेलिभिजन लगायतका सञ्चार माध्यमहरूबाट आयोगले मानव अधिकारका विषयवस्तुहरूको प्रचारप्रशार गर्दै आइरहेको छ । सङ्कटकालीन अवस्था, बिस्तृत शान्ति सम्झौता पछिका अवधिमा समेत नागरिक तथा राजनीतिक अधिकार उल्लङ्घनका घटनाहरू, आयोगका सिफारिसहरूका सम्बन्धमा सञ्चार माध्यमहरूले चासो राखी उचित स्थान दिएको छ । तराई लगायत देशका विभिन्न भागमा भएका गैरन्यायिक हत्याका समाचारहरू सञ्चार माध्यमहरुबाट प्रचार प्रसार भएकै कारण केही घटनाहरूको आयोगबाट अनुसन्धान, अनुगमन भएको छ ।

## ६.४. अन्तर्राष्ट्रिय निकायहरूसँगको सहकार्य

आयोगको क्षमता बिस्तार, भौतिक संरचना सुधार लगायतका विषयमा स्थापनाकालदेखि नै अन्तर्राष्ट्रिय निकायहरूसँग सौहाद्रपूर्ण सम्बन्ध र सहकार्य रहँदै आएको छ । विभिन्न देशका कुटनीतिक नियोगहरू, विशिष्ट व्यक्तित्वहरू, डेनिस मानवअधिकार संस्था (DIHR), डेनिस सहयोग नियोग (DANIDA), क्यानेडेली मानव अधिकार प्रतिष्ठान (Canadian Human Rights Foundation), एसिया प्रशान्त मञ्च (APF), दी एसिया पाउन्डेसन,संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (UNDP), यूरोपेली सङ्घ (European Union), बाल-बचाउ, नर्वे (Save the Children Norway), अमेरिकी बार एशोसियसन, प्लान इन्टरनेशनल, भारतीय राष्ट्रिय मानव अधिकार आयोग (National Human Rights Commission of India) लगायतका संस्थाहरूसँग आयोगले सहकार्य, सहयोग आदानप्रदान गर्दै आएको छ ।

यसै क्रममा आयोग र संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको नेपालस्थित कार्यालय (OHCHR Nepal) ले २०६५ फागुन ९ गते दुवै संस्थाहरूबीच सहकार्य सम्बन्धी मार्ग निर्देशन (Guideline of Cooperation) मा हस्ताक्षर सम्पन्न भएको थियो । त्यस्तै मित्रराष्ट्र बेलायत, क्यानडा, फिनल्याण्ड, डेनमार्क, नर्वेजस्ता देशहरूसँग पनि सहकार्य गर्दै आएको छ । यस्ता अन्तर्राष्ट्रिय सङ्घसंस्था, नियोग, देशहरूले आयोगको क्षमता बिस्तार, संस्थागत सुदृढीकरणमा सकारात्मक सहयोग पुगेको छ ।

आयोगको युरोपेली युनियन सँगको सहकार्यले आयोगका क्षेत्रीय र उपक्षेत्रीय कार्यालयहरूको बिस्तार भयो । द्वन्द्वकालमा स्थापना भएका आयोगका क्षेत्रीय र उपक्षेत्रीय कार्यालयहरूको स्थापनाले नागरिक तथा राजनीतिक अधिकार उल्लङ्घन भएका घटनाहरूको अनुगमन र अनुसन्धानमा सम्बन्धित स्थान, पीडित समक्ष पुग्न आयोगलाई र पीडितहरूलाई आयोग समक्ष आई उजुरी दिन सहज भयो ।

यस्तै आयोग स्थापना भएको केही समयपछि नै आयोगमा संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम अन्तर्गत क्षमता अभिवृद्धि तथा सवलीकरण सम्बन्धी परियोजना सञ्चालन गर्न सहयोग प्राप्त भएको छ। आयोगमा विभिन्न परियोजनाहरू सञ्चालन भइरहेका छन् । सेभ द चिल्ड्रेनको सहयोगमा आयोगमा बाल अधिकारसम्बन्धी परियोजना सन्चालित भइरहेको छ । संयुक्त राष्ट्रसङ्घका विशिष्ट व्यक्तिहरूले आयोगको भ्रमण गरी आवश्यक सुझाव,

सल्लाह दिएका छन् । राष्ट्रिय मानव अधिकार संस्थाहरूको एसिया प्रशान्त मञ्चसँग आयोगको सुमधुर सम्बन्ध कायम रहँदै आएको छ । यस संस्थाको सदस्यता लिएपछि राष्ट्रिय मानव अधिकार आयोगले मञ्चको अध्यक्षको भूमिका समेत निर्वाह गरी सकेको छ । यस संस्थामा आवद्ध भएर क्षेत्रीय साझेदारी, मानव अधिकारको संरक्षण, र सम्वर्द्धनमा राष्ट्रिय संयन्त्र स्थापना र विकासमा सक्रिय भूमिका निर्वाह गर्दै आएको छ ।

## ७. आयोगका कार्यालयहरू

### केन्द्रीय कार्यालय

| | |
|---|---|
| हरिहर भवन, ललितपुर<br>इमेल nhrc@nhrcnepal.org<br>वेवसाइट www.nhrcnepal.org | पो.ब.न. ९१८२, काठमाडौ<br>फोन ०१ ५०१००१५, १६, १७, १८<br>फ्याक्स ०१ ५५४७९७३, ५५४७९७५<br>हटलाइन २ ११ ११ ११ |

### क्षेत्रीय कार्यालयहरू

| | | |
|---|---|---|
| १. विराटनगर | बरगाछी चोक | फोन ०२१ ४६१९३१, ४६१०९३<br>फ्याक्स ०२१ ४६११०० |
| २. जनकपुर | जनकपुरधाम | फोन ०४१ ५२७८११, ५२७८१२<br>फ्याक्स ०४१ ५२७२५० |
| ३. पोखरा | जनप्रिय मार्ग | फोन ०६१ ४६२८११, ४६२८२२<br>फ्याक्स ०६१ ४६५०४२ |
| ४. नेपालगञ्ज | शान्तिनगर | फोन ०८१ ५२६७०७, ५२६७०८<br>फ्याक्स ०८१ ५२६७०६ |
| ५. धनगढी | उत्तर बेहेडी | फोन ०९१ ५२५६२१, ५२५६२२<br>फ्याक्स ०९१ ५२५६२३ |

### उपक्षेत्रीय कार्यालयहरू

| | | |
|---|---|---|
| १. खोटाङ | दिक्तेल | फोन ०३६ ४२०२८४ |
| २. रुपन्देही | बुटवल | फोन ०७१ ४४६९११ |
| ३. जुम्ला | खलङ्गा | फोन ०८७ ५२०२२२ |

## केन्द्रीय कार्यालय

हरिहर भवन, ललितपुर
पो.ब.न. ९१८२, काठमाडौ
इमेल nhrc@nhrcnepal.org
फोन ०१ ५०१००१५, १६, १७, १८
वेवसाइट www.nhrcnepal.org
फ्याक्स ०१ ५५४७९७३, ५५४७९७५
हटलाइन २ ११ ११ ११

## क्षेत्रीय कार्यालयहरू

विराटनगर, बरगाछी चोक
फोन ०२१ ४६१९३१, ४६१०९३
फ्याक्स ०२१ ४६११००

जनकपुर, जनकपुरधाम
फोन ०४१ ५२७८११, ५२७८१२
फ्याक्स ०४१ ५२७२५०

पोखरा, जनप्रिय मार्ग
फोन ०६१ ४६२८११, ४६२८२२
फ्ायाक्स ०६१ ४६५०४२

नेपालगञ्ज, शान्तिनगर,
फोन ०८१ ५२६७०७, ५२६७०८
फ्याक्स ०८१ ५२६७०६

धनगढी, उत्तर बेहेडी
फोन ०९१ ५२५६२१, ५२५६२२
फ्याक्स ०९१५२५६२३

## उपक्षेत्रीय कार्यालयहरू

खोटाङ, दिक्तेल, फोन ०३६ ४२०२८४
रूपन्देही, बुटवल, फोन ०७१ ४४६९११
जुम्ला, खलङ्गा, फोन ०८७५२०२२२